# भूमि तथा कृषि अधिकार अभियान
# वार्षिक समीक्षा
साउन २०७१-असार, २०७२



सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (CSRC)
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
ईमेल : landrights@csrcnepal.org

## दिन : एक

समीक्षा असार १९ गते बिहान ७ बजेबाट सुरु भयो । सहभागी स्रोत तथा उपस्रोत केन्द्रहरूले आआफूले ल्याएको ग्यालरीहरू भित्तामा टाँस्ने काम गरियो ।

समीक्षामा १९ महिला र २१ पुरुष गरी ४२ जना सहभागी थियौं । वार्षिक समीक्षामा गाउँ भूमि अधिकार मञ्चको अभियानमा सक्रिय अगुवाहरू पनि सहभागी थिए । समीक्षाको सुरुवात आत्मनिर्भर केन्द्रका अनुगमन तथा मूल्याङ्कन संयोजक अपराजिता गौतमले गर्नुभयो । समीक्षामा यसअघि झै केही नयाँ अगुवाको उपस्थिती भएकाले छोटो चिनजान पनि गरियो । वित्त अधिकृत रोशन कार्कीले समीक्षाको अनुमानीत बजेट र व्यवस्थापनाबारे सुनाउनुभयो । *(समीक्षाको खर्च अनुसुची हेर्नुहोस्)*

## समीक्षा

समीक्षालाई मात्र अभियानमा राखिएको योजनाको उपलब्धी, सिकाइ र चुनौती प्रस्तुत गर्ने थलो नबनाऔं । यसअघि धेरै पटक यस्तै गरियो । बसाईलाई सहज बनाऔं । प्रस्तुतीलाई सरल बनाऔं । सामाजिक आन्दोलनमा लागेको छौं । यसैले हामीले गर्ने प्रस्तुती, छलफल, सिकाइ आदान-प्रदान पनि अवश्य फरक हुनुपर्छ । हाम्रो जीवनमा कस्तो परिवर्तन आयो, कामको सिलसिलामा हामीले के सिक्यौं । त्यसबाट हाम्रो परिवारमा कस्तो परिवर्तन आयो ? हाम्रो अभियानले समुदायका मानिसहरूको घरपरिवार र सिङ्गो समाजमा कस्तो परिवतर्न आयो ? यी र यस्ता विषयमा समीक्षालाई केन्द्रित गरौं । यसैले आलोचनात्मक समीक्षा गरौं । वितगबाट केही सिकौं । अव दुःखको कथा मात्र सुन्ने होइन परिवर्तनको कथा सुन्ने बेला हो । यही मर्मलाई ध्यान दिऔं । दुई दिनको समयलाई सिकाइमुलक बनाऔं । - **जगत बस्नेत**, संस्थागत विकास सल्लाहकार, आत्मनिर्भर केन्द्र,

## समीक्षाका उद्देश्य

१. भूमि अधिकार आन्दोलनको गत वर्षमा राखिएका उद्देश्य र यसबाट प्राप्त उपलब्धीको समीक्षा गर्ने ।
२. अभियानका अवसर, कमजोरी र सुधारको क्षेत्र पहिल्याउने ।
३. यस अवधिको सिकाइ समेतका आधारमा आगामी अभियानको साझा योजना तय गर्ने ।

## ग्यालरी भिजिट

पालौपालै ग्यालरीको भिजिट गरिएको थियो । सबैको ग्यालरी प्रस्तुती आकर्षक थियो । आफ्नो क्षेत्रमा गरिएको काम, त्यसबाट प्राप्त उपलब्धी, सिकाइ र अभियानको क्रममा आइपरेका चुनौतीहरूलाई दृश्यात्मकरूपमा प्रस्तुत गरेका थिए ।

## क्षेत्रगत प्रस्तुती

पहिलो चरणको प्रस्तुतीको सहजीकरण पश्चिम स्रोत केन्द्रका अभियान संयोजक भागिराम चौधरीले गर्नुभएको थियो ।

**प्रस्तुती : १, प्रस्तुतकर्ता :** नरिराम लोहार
**जिल्लाहरू :** कैलाली, कञ्चनपुर, डडेलधुरा र बैतडी (पश्चिमत स्रोत केन्द्र, उपस्रोत केन्द्र- १)

**मुख्य उपलब्धी**

- ११ सङ्गठनले ४३ बिघा १५ कट्ठा ५ धुर र ३३ रोपनी बाँझो जग्गा उपयोगमा ल्याइ खेतीपाती गरेका छन् । १५ परिवारले २७ रोपनी र ७ कट्ठा जग्गामा अधिकार लिएका छन् । १ हजार ४ सय ८६ भूमिहीन परिवारले बसोबास तथा जोतभोगको आधार प्रमाण पत्र लिएका छन् ।

- ४६२ परिवारको बसाइँ सराई दर्ता भएको छ । विभिन्न ठाउँबाट आएर टिकापुर नगरविकास समितिको जग्गामा बसोबास गरेका भूमिहीन सुकुमबासी परिवारको लागि एकतर्फि बसाइँ सराई दर्ता गराइएको छ । डडेलधुरा जोगबुढाका ५५२ परिवारले जग्गाको आधार पत्र लिई भोगचलनको आधारमा कर पनि तिरेका छन् ।

- १०२ जोडी किसानले संयुक्त लालपुर्जा निर्माण गरी १२ बिघा ३ कट्ठा २ धुर र ९२ रोपनी १२ आना ३ पैसा ३ दाम जग्गामा महिला-पुरुषको नाममा बराबरी स्वामित्व कायम भएको छ ।

- २१ नयाँ गाउँ भूमि अधिकार मञ्च निर्माण भई ६७६ महिला, ३३३ दलित, ५४७ जनजातिसहित १०३७ भूमि अधिकारबाट वञ्चित परिवार सङ्गठित भएका छन् । ३,८२६ सदस्यले सदस्यता नवीकरण गरेका छन् ।

- १२३ गाउँ भूमि अधिकार मञ्चमा ४ लाख १ सय ३५ रुपियाँ आन्दोलन कोष सङ्कलन भई कूल ५ लाख २२ हजार ६ सय ६५ खर्च भई ३५ हजार ९ सय ३१ बाँकी छ ।

- ४४ लाख ५८ हजार ८ सय १४ रुपियाँ बराबरको स्थानीय स्रोत सङ्कलन भयो । यसबाट १ हजार ७ सय ८० परिवार लाभान्वित भएका छन् ।

- १९ वटा कृषि उद्यम सञ्चालन भई ६८६ परिवार लाभान्वित भएका छन् । यस कार्यबाट २४ लाख ६७ हजार ३ सय ७४ रुपियाँ वार्षिक आम्दानी भयो ।

**प्रस्तुती : २, प्रस्तुतकर्ता** : कृष्णा खत्री, लालमणि भण्डारी र विष्णु खड्का
**जिल्लाहरू :** बाँके, बर्दिया, सुर्खेत (पश्चिमत स्रोत केन्द्र, उपस्रोत केन्द्र- २)

**मुख्य उपलब्धी**

- १२१ जोडी किसानले अभियान सङ्गठित भई संयुक्त पुर्जा निर्माण गरेका छन् । यसबाट ५१ बिघा ३ कट्ठा १२ धुर क्षेत्रफल जमिनमा महिला-पुरुषको बराबरी स्वामित्व कायम भएको छ ।

- बाँके जिल्लाका ४ जना मोही किसानले १ बिघा ११ कठ्ठा ३ धुर जग्गा मोहीहक वापत लिएका छन् ।

- ६९ किसानले १३ बिघा ११ कट्ठा १० धुर बाँझो जमिन उपयोगमा ल्याई खेतीपाती गरिरहेका छन् । उनीहरूले व्यवसायिक खेतीपाती सुरु गरी जीविकामा सुधार गर्न थालेका छन् ।

- ३५४ परिवारले बसोबास तथा आधार पत्र लिएका छन् ।

- ४७० नयाँ सदस्य बढेको छन् भने ६,१८७ सदस्यहरूले सदस्यता नवीकरण गरेका छन् ।

- ८९ गाउँ भूमि अधिकार मञ्चमा १ लाख ७४ हजार ५ सय ४५ रुपियाँ आन्दोलन कोष जम्मा भयो र ३३ हजार उपयोग भई पहिलेको सहित ३ लाख २६ हजार ९ सय ९५ रुपियाँ कोषमा बाँकी छ ।

- २५ लाख ९० हजार रुपियाँ स्थानीय स्रोतमा दावी गरी २७४ परिवार लाभान्वित भएका छन् ।

**प्रस्तुती : ३, प्रस्तुतकर्ता** : शान्ता परियार, हिरा डाँगी र शुभराज चौधरी
**जिल्लाहरू :** दाङ, सल्यान र प्यूठान (पश्चित स्रोत केन्द्र, उपस्रोत केन्द्र- ३)

**मुख्य उपलब्धी**

- ६२ जोडी किसानले अभियानमा सङ्गठित भई संयुक्त पुर्जा निर्माण गरेका छन् । १५८ परिवारले ४ बिघा १८ कट्ठा नदी उकास तथा ऐलानी क्षेत्रको जग्गा उपयोगमा ल्याई खेतीपाती गरेका छन् । यस्तो खेतीबाट यस वर्ष ११ लाख २२ हजार ६ सय ८० रुपियाँ आम्दानी भएको छ ।

- १ हजार ६ सय ४२ परिवार भूमिहीन सुकुमबासीले गाविसको कार्यालयबाट बसोबास तथा जोतभोगको प्रमाणपत्र लिएका छन् । सिफारिस लिएपछि उनीहरूको बस्ती तथा खेतीपाती गरिरहेको जमिन सुरक्षित भएको छ ।

- ३११ नयाँ सदस्य थपिएका छन् भने १८३० सदस्यले सदस्यता नवीकरण गरेका छन् ।

- ७२ गाउँ भूमि अधिकार मञ्चमा २ लाख ३२ हजार ८ सय ४१ रुपियाँ आन्दोलन कोष सङ्कलन भई ८ हजार ९ सय ८० रुपियाँ खर्च भयो । पहिलेको सहित ७ लाख २३ हजार ८ सय ६१ रुपियाँ कोषमा बाँकी छ ।

- १ लाख ५ हजार रुपियाँ स्थानीय स्रोतमा दावी गरी २८० घरपरिवार लाभान्वित भएका छन् ।

- १४१ परिवार कृषि उद्यममा सङ्लग्न भई यस वर्ष ५ लाख ७६ हजार ५ सय ५० रुपियाँ आम्दानी लिएका छन् ।

**प्रस्तुती : ३ भागिराम चौधरी, अभियान संयोजक**

**मुख्य उपलब्धी**

- ११ वटा जिल्ला मञ्चको कार्यक्रम र आर्थिक व्यस्थापनमा सहयोग पुगेको छ । प्रस्तावना लेखन तालिम आयोजना गरी व्यवस्थापन गरियो ।

- राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको चौथो राष्ट्रिय सम्मेलन सफल गर्न योजना निर्माण, संयोजन र परिचालनमा सहयोग पुऱ्याइयो । १० जिल्लामा सञ्चालित अभियान र कृषि उद्यमहरूको नियमित अनुगमन गरिएको छ ।

- सुर्खेत जिल्लाको साहारे गाविसमा भूमि सुधार अभ्यास कार्यक्रम स्वीकृत गरी सञ्चालनमा आएकोछ । दैलेख जिल्ला मञ्चसँग सम्झौता गरी गुठी अधिकार अभियान अगाडि बढेको छ । संस्थागत सञ्जालले आयोजना गरेकोको भूमि अधिकार तालिम सहजिकरण ।

**प्रस्तुती : ४, प्रस्तुतकर्ता** : नम्रता देउजा, प्रदिप परियार र शैलेन्द्र राई
**जिल्लाहरू :** सुनसरी, धनकुटा, मोरङ र झापा (पूर्व स्रोत केन्द्र, उपस्रोत केन्द्र- १)

**मुख्य उपलब्धी**

- २८२ जोडी किसानले अभियानमा सङ्गठित भई संयुक्त पुर्जा निर्माण गरेका छन् । उनीहरूले ८२ बिघा, १२ कठा १३ धुर क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा निर्माण गराएका छन् ।
- अभियानमा सङ्गठित ३६ किसान परिवारले २ बिघा १२ कट्ठा ५ धुर जमिनमा अधिकार प्राप्त गरेका छन् ।
- खोरिया गाउँ भूमि अधिकार मञ्च, सुनसरीले ५ लाख ६० हजार रुपियाँ सङ्कलन गरी भूमि घर निर्माण गरेको छ । रामजानकी भूमि अधिकार मञ्च, सुनसरीका १५ सदस्यले १० लाख रुपियाँ लगानिमा गाई पालन व्यवसाय सुरु गरेका छन् ।
- २ हजार ४ सय ४ सदस्यहरूले सदस्यता नवीकरण गरेका छन् ।
- ५० गाउँ भूमि अधिकार मञ्चमा ४ लाख ९८ हजार ९ सय २३ रुपियाँ आन्दोलन कोष सङ्कलन भई ४ लाख २७ हजार ६ सय ८४ रुपियाँ उपयोग भयो । अघिल्लो वर्षको सहित १ लाख २० हजार ८ सय ३० रुपियाँ बाँकी छ ।
- १५ लाख ३२ हजार रुपियाँ स्थानीय स्रोत दावी गरी १२३ परिवार लाभान्वित भएका छन् ।

**प्रस्तुती : ५, प्रस्तुतकर्ता** : फूर्तिमान राई, सुजता थापा मगर र भोला पासवान
**जिल्लाहरू :** सिरहा, सप्तरी र उदयपुर (पूर्व स्रोत केन्द्र, उपस्रोत केन्द्र- २)

**मुख्य उपलब्धी**

- अभियानमा सङ्गठित ९९ परिवारले ३ बिघा १३ धुर क्षेत्रफल जग्गाको अधिकार प्राप्त गरेका छन् ।

- ४३४ परिवाले ३६ बिघा १५ कट्ठा ऐलानी जग्गा उपयोगमा ल्याई खेतीपाती गरिरहेका छन् ।

- २ हजार ५ सय ८६ भूमिहीन परिवारले बसोबास तथा जोतभोगको आधार प्रमाण पत्र लिएका छन् ।

- ६५ जोडी किसानले अभियानमा सङ्गठित भई संयुक्त पुर्जा निर्माण गरेका छन् । उनीहरूले ७ बिघा १४ कट्ठा १९ धुर क्षेत्रफलमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।

- १ हजार ३ सय २० परिवारले ४५ लाख २५ हजार ८ सय ३३ रुपियाँ बराबरको स्थानीय स्रोतमा दावी गरी उपयोगमा ल्याएका छन् ।

- ३१ गाउँ भूमि अधिकार मञ्च निर्माण भयो । गाउँ मञ्चमा ४६९ महिला, ३५१ दलित र ३२४ जनजातिसहित १ हजार १ सय ७१ परिवार सदस्य सङ्गठित भएका छन् । ४ हजार ३ सय ६४ सदस्यले सदस्यता नवीकरण गराएका छन् ।

- १५८ गाउँ भूमि अधिकार मञ्चमा २ लाख ४ हजार ४ सय ४५ रुपियाँ आन्दोलन कोष सङ्कलन भएको छ । यीमध्ये १ लाख २४ हजार ३ सय २० रुपियाँ खर्च भयो भने ८५ हजार बाँकी १२५ बाँकी छ ।

- २३५ घरपरिवारले ३ लाख ७६ हजार ५ सय रुपियाँ स्थानीय स्रोतमा दावी गरी उपयोगमा ल्याएका छन् । ९६ परिवार कृषि उद्यममा सङ्लग्न भई यस वर्ष १३ लाख रुपियाँ आम्दानी लिन सफल भएका छन् ।

**प्रस्तुती : ६, प्रस्तुतकर्ता** : भवानी घिमिरे, राजकुमार बस्नेत, फूलमाया विश्वकर्मा र कुमार थापा
**जिल्लाहरू :** बारा, रौतहट, सर्लाही, धनुषा र महोत्तरी (पूर्व स्रोत केन्द्र, उपस्रोत केन्द्र- ३)

**मुख्य उपलब्धी**

- १९१ जोडी किसानले भूमि अधिकार अभियानमा सङ्गठित भई संयुक्त पुर्जा निर्माण गरेका छन् ।

- ४३५ परिवार भूमिहीन सुकुमबासीले बसोबासको आधार प्रमाण पत्र लिएका छन् । २४ बिघा १० कट्ठा बाँझो जग्गा उपयोगमा ल्याई खेतीपाती सुरु गरिएको छ ।

- २७३ परिवारको १ बिघा १० कट्ठा १३ धुर क्षेत्रफलको गाउँब्लक जग्गा दर्ता भई पुर्जा लिएका छन् ।

- ९० गाउँ भूमि अधिकार मञ्चले ६ लाख ६० हजार ९ सय ५० रुपियाँ आन्दोलन सङ्कलन गरी उपयोगमा ल्याएका छन् ।

- ३ हजार ५ सय ४८ सदस्यहरूले सदस्यता नवीकरण गरेका छन् ।

- जिल्ला शिक्षा कार्यालयको सहकार्यमा ८८ वटा साक्षरता कक्षा सञ्चालन भई नियमित १ हजार ७ सय ६० जना सहभागी भइरहेका छन् ।

- ६३ हजार ८ सय ६५ रुपियाँ सङ्कलन गरी भुकम्प प्रभावितलाई सहयोग पठाइएको छ ।

**प्रस्तुती : ७, प्रस्तुतकर्ता** : सरस्वती कटवाल, निर्मला माझी र भोला बस्नेत
**जिल्लाहरू :** ओखलढुङ्गा, रामेछाप र खोटाङ (मध्य स्रोत केन्द्र, उपस्रोत केन्द्र- १)

**मुख्य उपलब्धी**

- २२७ जोडी किसानले अभियानमा सङ्गठित भई संयुक्त पुर्जा निर्माण गरेका छन् । उनीहरूले ३६९१ रोपनी १ आना २ पैसा १ दाम क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम भएको छ ।

- ११२ परिवार कृषि उद्यममा सङ्लग्न भएका थिए । यस वर्ष उनीहरूले ३ लाख ७५ हजार आम्दानी गर्न सफल भए । साथै ८४ परिवार किसानले व्यवसायिक खेती सुरु गरी जीविकोपार्जनमा सुधार ल्याएका छन् । यस्तो व्यवसायिक खेतीमा अकबरे खुर्सानी र बेसार खेती गरिएको छ ।

- ८ सय १९ सदस्यले सदस्यता नवीकरण गरेका छन् ।

- ७० गाउँ भूमि अधिकार मञ्चमा ३४ हजार ९ सय ७७ रुपियाँ आन्दोलन कोष जम्मा भई ६ हजार ७ सय ८४ रुपियाँ उपयोग भयो भने पहिलेको सहित १ लाख २९ हजार ४ सय ८५ रुपियाँ बाँकी छ ।

- विनाशकारी भूकम्पबाट पीडित भएका सङ्गठनका सदस्यहरूलाई राहत वितरणमा सहयोग गरियो । रामेछापमा ३१३ थान त्रिपाल, २५ प्याकेट सुत्केरी र गर्भवती सामग्री र १४४ बोरा चालम, ओखलढुङ्गामा ४४ थान त्रिपाल र १६८ थान ब्याङकेट र खोटाङमा २५६ थान त्रिपाल वितरण गरीयो ।

**प्रस्तुती : ८, प्रस्तुतकर्ता** : हरिप्रसाद तिमिल्सेना, भगवती घले, दिपक भट्ट, रमेश तामाङ, सुमित्रा तामाङ, जानुका थापामगर र कल्पना कार्की
**जिल्लाहरू :** सिन्धुपाल्चोक, ललितपुर, नुवाकोट र रसुवा (मध्य स्रोत)

**मुख्य उपलब्धी**

- संयुक्त पुर्जा निर्माण अभियानमा सङ्गठित भई २७९ जोडीले किसानले संयुक्त पुर्जा निर्माण गरेका छन् । उनीहरूले १७७४ रोपनी १४ आना २ पैसा ३ दाम क्षेत्रफलमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।

- ९ परिवार मोही किसानले ३७ रोपनी १२ आना जग्गामा मोहियानी अधिकार प्राप्त गरेका छन् । जग्गाको अधिकारले मोही किसानहरूलाई सुरक्षित बनाएको छ । सङ्गठनको प्रयासबाट उपलब्धी लिन सक्दा सङ्गठन र अगुवाहरूको हौसला बढेको छ ।

- ३६ परिवार किसानको छुट जग्गा दर्ता भई १३६ रोपनी ८ आना २ पैसा १ दाम क्षेत्रफलको जग्गाको पुर्जा लिएका छन् ।

- १ हजार ६ सय ९४ सदस्यहरूले सदस्यता नवीकरण गराएका छन् ।

- ८३ गाउँ भूमि अधिकार मञ्चमा ९६ हजार ३ सय ५५ रुपियाँ आन्दोलन कोष सङ्कलन भई ५२ हजार ७ सय ३० रुपियाँ खर्च भयो भने पहिलेको सहित ३ लाख २८ हजार २५ रुपियाँ बाँकी छ ।

- २३ लाख ६ हजार एक सय रुपियाँ स्थानीय स्रोतमा दावी गरी २ हजार ५ सय १२ परिवार लाभान्वित भएका छन् ।

- ३ जिल्लाको ८ गाविसमा सञ्चालित कृषि उद्यममा ६२ परिवार सङ्लग्न भए । उनीहरूले यस वर्ष १३ लाख ८५ हजार आम्दानी लिन सफल भए ।

रसुवा जिल्लाको १६ गाउँ मञ्चका सङ्गठित ४३० सदस्यहरूलाई अस्थायी आवास निर्माणमा सहयोग प्राप्त भयो । नुवाकोटको गोर्स्याङ, रातमाटे र गेर्खु गाविसका ७९३ ज्येष्ठ नागरिकले जनही नगद ७,५०० प्राप्त गरेका छन् । २२ गाउँ भूमि अधिकार मञ्चका ५४६ परिवारलाई खाद्यान्न तथा कपडा सहयोग प्राप्त भयो । सिन्धुपाल्चोकको २१ गाविसको ३ हजार ५ सय ३७ परिवारलाई खाद्यान्न, कपडा, धानको बीउ र जस्तापाता सहयोग गरिएको छ । त्यसैगरी ७ गाविसका ६० वर्ष माथिका २ हजार ३ सय ५२ जना जेष्ठ नागरिकहरूलाई जनही ७ हजार ५ सय रुपैयाँ राहत रकम वितरण भएको छ । ललितपुरको ३ गाउँ मञ्चका ४८ परिवारलाई ४८ बोरा चामल सहयोग गरिएको छ ।

**प्रस्तुती : ९, प्रस्तुतकर्ता** : उमाकला कुमाल, बिमल थापा र अरूण सदा
**जिल्लाहरू :** नवलपरासी, रुपन्देही, पाल्पा, पर्वत र बाग्लुङ (ठिमुरा स्रोत केन्द्र- १)

**मुख्य उपलब्धी**

- ८७ जोडी किसानले अभियानमा सङ्गठित भई संयुक्त पुर्जा निर्माण गरेका छन् । उनीहरूले २७ बिघा १८ कठ्ठा ५ धुर क्षेत्रफलमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।
- ५ हजार ३ सय ५५ जना सदस्यहरूले सदस्यता नवीकरण गरेका छन् ।
- ८१ गाउँ भूमि अधिकार मञ्चमा २ लाख ८४ हजार ६ सय ८० रुपियाँ आन्दोलन कोष सङ्कलन भएको छ ।

- भुइँचालो प्रभावितहरूको सहयोगको लागि ५४ हजार १ सय ४० रुपियाँ सङ्कलन गरी पठाइयो ।
- ८ परिवार मोही किसानले ५ रोपनी क्षेत्रफलको जमिनमा अधिकार लिएका छन् ।

**दिन : दुई**

सुरुवात : **जगत देउजा**, कार्यकारी निर्देशक

४० जना जम्मा भएका छौं । समीक्षाबाट फर्कदा के सिकेर वा के ज्ञान बढाएर जान्छौँ भन्ने कुरा महत्वपूर्ण छ । यहाँ हामी कोही फरक छैनौं । सबै बराबर छौं । आन्दोलनको लागि बराबर जिम्मेवारीमा छौं । म यो पद, ऊ त्यो पदको भन्ने होइन । आन्दोलन सफल बनाउनको लागि ठूलो पंक्तिले हामीमाथि आशा गरेका छन् । त्यसैले सबैले जिम्मेवारीअनुसार काम गरौं

यो राष्ट्रिय समीक्षा हो । यसैले यो समीक्षाले पूरै आन्दोलनको पंक्तिलाई सन्देश दिनुपर्छ । हेर्दा सामान्य लाग्छ । तर यसको महत्व ठूलो छ । एक वर्षमा के उपलब्धी प्राप्त भएछ ? आगामी के योजना हुनेछ ? यी कुरा समुदाय तहसम्म प्रसार गरिनुपर्छ ।

हामीले दुई दिनको समीक्षाबाट पनि नतीजा निकाल्नुपर्छ । जुन कुरा हामीले अखिलेखन गर्छौं र अलिखित सामग्री सहयात्री निकायहरू र सरकारलाई पनि बुझाउँछौं । त्यसैले छलफलमा बढी ध्यान दिऔं । सिकाइहरू निकालौं । आजको दिन सबै साथीहरू सक्रिय भएर लागौं ।

दोस्रो दिनको सहजीकरण सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका अभियान संयोजक कल्पना कार्कीले गर्नुभयो ।

**प्रस्तुती : १०, प्रस्तुतकर्ता** : युवा राई र ल्यामबहादुर दर्जी

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

**मुख्य उपलब्धीहरू**

- राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको चौथो राष्टिय सम्मेलन २०७१ फागुन १० देखि १२ गते सम्म कञ्चनपुरको महेन्द्रनगरमा भयो । सम्मेलनले ल्यामबहादुर दर्जीको अध्यक्षतामा समावेशी १७ महिला र १३ पुरुष गरी ५ सदस्यीय पछि थप गरी ३५ सदस्यीय राष्टिय कार्यसमिति चयन गरिएको छ । सम्मेलनले आगामि प्राथमिकताहरू घोषणा पत्रमार्फत पारित गरेको छ ।

- कात्तिक २९ गते देखि मंसिर ४ गतेसम्म भएको राष्ट्रिय आन्दोलनमा ४९ जिल्लाबाट ६१ महिला र पुरुष ९३ जना गरी जम्मा १५४ अगुवा सहभागी भए । आन्दोलनको प्रभावले संसद्को कृषि तथा जलस्रोत समितिअर्न्तगत भूमि सुधार उपसमिति गठन भयो । उक्त समितिको बैठकमा राष्ट्रिय मञ्च सहभागी भई भूमि सुधारको मुद्दाबारे छलफल गरिएको छ । यस आन्दोलनको क्रममा ६६ जना

सभासद्‌हरू पनि उपस्थित भई भूमि सुधारको मुद्दा स्थापित गराउन पहल गर्ने प्रतिवद्दता जनाएका छन् ।

- भूमिसम्बन्धी ऐन २०२१ लाई संशोधन गर्न बनेको प्रस्तावित छैठौं विधेयकमा छुट वेदर्तावाल मोही संशोधित प्रस्ताव दर्ताका लागि २०७१ कात्तिक १७ देखि २० गते सम्म अभियान गरी विभिन्न दलका सचेतक र सभासद्‌हरूसँग भेटी छलफल भयो । अभियानमा १३ जिल्लाका २१ बेदर्तावाल मोहीहरू सहभागी भएका थिए । सभासद् तथा प्रमुख सचेतकहरूले विधेयकमा वेदर्तावाल मोहीको कुरा उल्लेख गर्ने प्रतिबद्धता जनाई संशोधित प्रस्तावसमेत पेश भएको थियो ।

- सुकुमबासी आयोगलाई काम गर्न दबाबका लागि विभिन्न चरणमा आन्दोलन गरियो । आयोगको कार्यदेश परिवर्तनबारे छलफल गरियो । भूमि सुधार तथा ब्यवस्था मन्त्रालयले मन्त्रिपरिषद्‌मा कार्यदेश पेश गरेको थियो ।

- गुठी जग्गा किसानका नाममा दर्ता गर्न सहयोग गर्न दलका सभासद्, प्रमुख सचेतक संविधान सभाका अध्यक्ष, दलको प्रमुखहरूलाई भेटी छलफल र सम्वाद गरी मागपत्र पेश गरियो । सो प्रस्तावलाई संशोधन गर्नका लागि केशव बडाललगायत सभासद्‌हरूले संसद्‌मा प्रस्ताव पेश गरेका छन् ।

- ४३ जिल्लाका ५१ पुरुष, ४८ महिला गरी ९९ जना अगुवालाई वकालतिय सिप विकास तालिम दिइयो । यसबाट उनीहरूमा अभियानसम्बन्धी क्षमता विकास भएको छ ।

- मञ्चको साङ्‌गाठानिक तथा राजनीतिक घोषणापत्र र एक दशकको यात्रा २/२ हजार प्रति प्रकाशन भएको छ । यो भूमि अधिकार अभियानको विगतको दस्तावेज र आगामी अभियानको वकालतिय सामग्री भएको छ ।

- गाउँ मञ्च निर्देशिका तयार भएको छ । यो सामग्री आगामि दिनमा समग्र अभियान र सङ्‌गठन सुदृढिकरण तथा परिचालनमा मद्दत पुग्नेछ ।

- ८ जिल्लामा जिल्ला सम्मेलन सम्पन्न भई नयाँ नेतृत्व चयन भएको छ । २९ जिल्ला मञ्च र ६५ गाउँ मञ्चमा कार्यमुखी बैठक भयो । यी बैठकका १ हजार ८ सय ८५ गाउँ मञ्चका सदस्यहरू सहभागी भए ।

- ३० हजार ६ सय ४२ सदस्यहरूले सदस्यता नवीकरण गरेका छन् ।

- १ लाख ९१ हजार १ सय ९७ रुपियाँ आन्दोलन कोष सङ्कलन भएको छ ।

- राष्ट्रिय किसान सञ्जाल, कृषक महासंघ, केयर नेपाल, खाद्यका लागि कृषिलगायत विभिन्न संघ संस्थासँग सम्बन्ध विस्तार भई भूमि अधिकार र संविधानमा भूमि तथा कृषि, खाद्य सुरक्षालगायतका साझा अभियानहरू भएका छन् ।

**प्रस्तुती : ११, प्रस्तुतकर्ता** : विश्वास नेपाली र अपराजिता गौतम

आत्मनिर्भर केन्द्र

**नीतिगत तहमा प्रभाव**

- नेपालको संविधान २०७२ को प्रारम्भिक मस्यौदामा भूमि तथा कृषिसम्बन्धी मुद्दाहरू (आशिंक) समेटीएका छन् । जसले भूमि सुधार गर्न चाहने सरकारलाई गर्न सक्ने वातावरण दिएको छ ।

**निम्न विषयमा नीतिगत वकालतका सामग्री तयार पारियो ।**

- भूमिसम्बन्धी ऐन २०२१ को छैठौं संशोधनमा हाम्रो अडान तर गरी संविधान सभामा पेश गरियो । बिर्तासम्बन्धी नियमावलीमा मञ्चको प्रस्ताव तयार गरी भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा पेश गरियो । कृषि विकास रणनीतिमा अन्तिम सुझाव दिइयो । संविधानको मस्यौदामा अन्तिम सुझाव दिइयो । भूमि तथा कृषि मन्त्रालयको नीति तथा कार्यक्रम एवम् बजेटमा सुझाव दिइयो । सुकुमबासी आयोगको टिओआरमा सुझाव दिइयो ।

**क्षमता अभिवृद्धि र प्रोत्साहन**

- १४ जना पूर्णकालिन कार्यकर्ता र कार्यालय सचिवले आधारभुत कम्प्यूटर तालिम लिई सामान्य टाइप गर्न, एक्सल चलाउन, इमेल आदान-प्रदान गर्न सक्ने क्षमता बढेको छ । उनीहरू मध्ये ८ जनाले पाठक पत्र लेखी पठाएका छन् । ४९ जनाले वेव वेस्ड डाटा मेनेजमेण्ट अभिमुखीकरणमा सहभागी भई सिष्टमबारे जानकार भएका छन् । आगामि अवधिबाट वेव बेस्ड डाटा राख्न सक्षम भएको बताएका छन् । ८ जनाले कर्मचारीले एड्भान्स एक्सल तालिममा सहभागी भई ज्ञान बढाएका छन् ।

**राष्ट्रियस्तरको कार्यक्रम तथा सहभागिता**

- यस वर्ष १५ पटक राष्ट्रियस्तरको कार्यक्रमहरू भयो । यी कार्यक्रममा ३७९ महिला, १४८ दलित र २१५ जनजातिसहित जम्मा ८२५ जना सहभागी भए । यसबाट सहभागीहरूले सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, भूमि अधिकार आन्दोलनबारे जानकारी पाएका छन् भने अगुवाहरूमा क्षमता विकास पनि भएको छ ।

**अन्तर्राष्ट्रियस्तरको कार्यक्रम तथा सहभागिता विवरण**

- अन्तर्राष्ट्रियस्तरको भ्रमण तथा कार्यक्रमहरूमा १२ महिला, ५ दलित र ११ जनजातिसहित ३० जना सहभागी भएका थिए । यस्ता भ्रमण तथा कार्यक्रममा सहभागी हुँदा नेपालको भूमि अधिकार आन्दोलनको सिकाइ अन्तर्राष्ट्रियस्तरमा आदान-प्रदान गर्न मद्दत मिल्यो भने विभिन्न देशमा भएमा भएको भूमि तथा कृषि अधिकार अभियानबारे सिकाइ लिने अवसर मिलेको छ ।

**अध्ययन, अनुसन्धान**

- नेपालमा भूमि अतिक्रमण र यसका असरहरू नामक अध्ययन प्रतिवेदन ५ सय प्रकाशन गरी उपयोगमा ल्याइएका छन् ।आदिवासी समुदायको भूमि अधिकार विषयमा अध्ययन प्रतिवेदन तयार भएको छ । नेपालमा भूमि सुधार र वामपन्थिहरूको दृष्ट्रिकोण विषयमा अध्ययन भई प्रतिवेदन तयार भएको छ । ६ जना किसान महिलाहरूको 'महिला यात्रा जर्नल' स्टोरी तयार भयो ।

**अभिलेखन, प्रकाशन तथा प्रशारण**

- २६,४०० अध्ययन सामग्री प्रकाशन भयो । प्रकाशित सामग्री सरोकारवाला निकाय तथा विभिन्न जिल्लामा वितरण गरियो । सरोकारवालासँग वकालत गर्न सजिलो भएको छ । भूमि अधिकार र यसअन्तर्गतका अभियानहरू सञ्चालन गर्न र समुदायलाई सचेत बनाउन कार्यकर्ता र अगुवाको लागि मद्दत पुगेको छ । भूमि सवालमा चासो राख्ने, अध्ययन गर्नेलाई सन्दर्भ सामग्री भएको छ । र उनीहरूको प्रकाशनमा स्रोत उल्लेख गर्दा संस्थाको छवि विस्तारमा मद्दत पुगेको छ ।

- भूमि अधिकार अभियानसँग सम्बन्धित २३९ पाठक पत्र र ४३ वटा लेख विभिन्न राष्ट्रिय दैनिक पत्रिकाहरूमा प्रकाशन भयो ।

**भुकम्पपछिको काम**

- भुकम्प प्रभावित ७ जिल्लाका २७ गाविस र २ वटा नगरपालिकामा ९९ गाउँमा जम्मा ४ हजार ५ सय २५ परिवारलाई चामल, दाल, तेल, नुन र ब्लाङकेटलगायतको सामग्री वितरण गरियो ।

- नुवाकोट र सिन्धुपाल्चोक जिल्लामा गरी १० गाविसमा २ हजार ६ सय ७७ जना ६० वर्षमाथि उमेरका कूल २ करोड ७७ हजार ५ सय रुपियाँ वितरण गरियो । यसबाट उनीहरूले अत्यावश्यक औषधोपचार, खाद्यन्न र लत्ताकपडा खरिद गर्न खर्च गरेका छन् ।

- भुकम्प प्रभावितको लागि अस्थाई घर निर्माण कार्य गरिएको छ । यस अभियानअन्तर्गत सिन्धुपाल्चोक जिल्लाको किउल गाविसमा ५ सय ७० र महाँकाल गाविसमा ५० वटा अस्थाई घर निर्माण भइसकेका छन् ।

- वर्ल्ड जिविश रिलिफको सहयोगमा रसुवा जिल्लाको लहरेपौवा, धैबुङ र भोर्ले गाविसका १६ गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित ४ सय ३० सदस्य परिवारलाई अस्थायी घर निर्माण गर्न डेढ बण्डल जस्तापाता, १ केजी तार, डेढ केजी किलाकाँटी, हम्मर र हाते उपलब्ध गराइएको छ ।

**संस्थागत विकास**

- आत्मनिर्भर केन्द्रको ५ वर्षे रणनीति पत्र तयार भई नयाँ रणनीति १ साउन २०७१ बाट लागु भएको छ ।

- चैत १ गते काठमाडौंको झुलेमा भएको विशेष साधारण सभाबाट नयाँ कार्यसमिति गठन भएको छ। नयाँ कार्यसमितिमा डा.सुरेश ढकाल आत्मनिर्भर केन्द्रका अध्यक्ष हुनुभएको छ। कार्यसमितिमा नयाँ ९ पदाधिकारी रहनु भएको छ।

- आर्थिक व्यवस्थापन, मानवस्रोत व्यवस्थापन तथा सुशासनको नीति परिमार्जन गरी लागू भएको छ।

- आत्मनिर्भर केन्द्रको आयोजनामा नगरकोटमा 'टीम विल्डीङ' कार्याशाला भयो। कार्यशालामा संस्थाका पदाधिकारी, साधारण सदस्य र कर्मचारीहरू सभागी थिए

- विक्रम् सम्वत् २०४९ सालमा सिन्धुपाल्चोक जिल्लामा स्थापना भएको आत्मनिर्भर केन्द्रको पहिलो स्थापना दिवस मनाइयो।

- ४ वटा नयाँ अन्तर्राष्ट्रियस्तरको संस्थासँग सहकार्य बढेको छ। WJR, HelpAge, FdF and MCtM

- आत्मनिर्भर सेवा केन्द्रको नयाँ वेव साइट निर्माण भएको छ। सोधपुछ डट कमको सहयोगमा निर्माण गरिएको वेव www.csrcnepal.org मा भिजिट गर्न सकिन्छ। आत्मनिर्भर सेवा केन्द्रको तथ्याङ्कहरूलाई व्यवस्थापन गर्नको लागि अनलाइन सिष्टमको निर्माण गरिएको छ। फिल्डदेखि केन्द्रसम्म डाटा व्यवस्थापन गर्न यसबाट सहज हुनेछ।

- भूमि तथा कृषि अधिकार अभियानको अनुगमन तथा मूल्याङ्कन कार्ययोजना तथा फ्रेमवर्क तयार भएको छ।

- भूमि तथा कृषि अधिकार अभियानको अनुगमन तथा मूल्याङ्कनको नीति तयार भएको छ।

- प्रगती मापकको औजारलाई ओखलढुङ्गा, उदयपुर र सिरहा जिल्लासहित अरू जिल्लामा पनि अभ्यास सुरुवात गरिएको छ। गाउँ, जिल्ला र राष्ट्रिय भूमि अधिकार मञ्च र गाविस, जिविसबाट आवधिकरूपमा सहभागीमुलक तवरले छलफल गरी उपलब्धी सुनिश्चित गर्दै अगाडि बढ्ने औजारको रूपमा यसलाई लिइएको छ।

- गाउँमञ्च र जिल्लाको नियमित भ्रमण भई ज्ञान र सिकाइको आदान–प्रदान भइरहेको छ।

**प्रस्तुती : १२, प्रस्तुतकर्ता** : शान्तिराम भण्डारी- खाद्य सुरक्षा र सुशासन परियोजना

**मुख्य उपलब्धी**

- पैरवी सिप विकास तालिममा १९ जना सहभागी भए। सहभागीहरूले पैरवीका लागि मुद्दाको पहिचान, रणनीति तयार तथा अभियान सञ्चालनबारे ज्ञान हासिल गरेका छन्।

- सामाजिक जवाफदेहिता तालिममा परियोजना सञ्चालित जिल्लाका कर्मचारी एवम् छलफल केन्द्रका ३६ जना सहभागी भए । सहभागीहरूले समुदाय अङ्कपत्र तालिका र सार्वजनिक सुनुवाइबारे ज्ञान हासिल गरे । सहभागीहरूले सोही तालिम आआफनो क्षेत्रमा सञ्चालन गर्नेछन् ।

- कृषि बजेटमा साना, महिला र भूमिहीन किसान विषयमा सरोकारवालाबीच छलफल गरियो । कार्यक्रममा सरोकारवाला किसान, सरकारी निकाय र नागरिक समाजका प्रतिनिधिसहित ५३ जना सहभागी भए । बजेट निर्माण प्रक्रियाका चरणदेखि लागु हने चरणसम्म किसानको प्रतिनिधित्व सुनिश्चित गरिएमा मात्र किसानमुखी बजेट आउने र वास्तविक किसान लाभान्वित हने निष्कर्ष छलफलपछि निष्किएको थियो ।

- नेपालमा महिला किसान पहिचान र आगामी बाटो विषयक छलफल कार्यक्रम भयो । कार्यक्रममा सरकारी निकायका प्रतिनिधि, सरोकारवाला किसान र नागरिक समाजका प्रतिनिधिसहित ३१ जनाको सहभागिता थियो । "किसान पहिचानको वास्तविकता र आगामि बाटो" नामक अध्ययन प्रतिवेदनका बारेमा समेत छलफल गरिएको थियो । महिला किसानको वास्तविक पहिचानसहित किसान वर्गीकरणको मुद्दालाई अगाडी बढाइनुपर्ने र यसलाई खाद्यसुरक्षा र जीविकोपार्जनसँग जोड्न आवश्यक रहेको सुझाव प्राप्त भएको छ ।

- किसान परिचय पत्र वितरणमा साना, महिला तथा भूमिहीन किसान विषयक जिल्लास्तरीय छलफल कार्यक्रम बाग्लुङमा भयो । कार्यक्रममा सरोकारवाला किसानसहित सरकारी कार्यालयका प्रतिनिधि र पत्रकार गरी जम्मा २१ जना सहभागी भए । किसान परिचय पत्र वितरण निर्देशिकाबारे छलफल गरी साना, महिला तथा भूमिहीन किसानले उक्त परिचय पत्र प्राप्त गर्ने आधार सुनिश्चित कसरी गर्न सकिन्छ भन्ने विषयमा छलफल भयो । जिल्ला कृषि विकास कार्यालयल जिल्ला मञ्चको सिफारिसमा ३०० परिवार भूमिहीन किसानलाई परिचय दिन थप निवेदन लिने प्रतिवद्दता जनाएको छ ।

- साना, महिला तथा भूमिहीन किसानको राष्ट्रिय भेला भयो । भेलामा सरोकारवाला किसान, गैरसरकारी क्षेत्रका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिसहित १३६ सहभागी थिए । भेलामा कृषि तथा जलस्रोत संसदीय समितिका उपाध्यक्ष गगन थापा, सहकारी महासंघका अध्यक्ष तथा सभासद् केशव बडालले किसानका पक्षमा संविधान सभामा मुद्दा उठाउने प्रतिवद्दता र ऐक्यबद्धता जनाएका थिए ।

- नेपाल, भारत, पाकिस्तान र बंगलादेशका किसानहरू सम्मिलित दक्षिण एशियाली क्षेत्रीय किसान सम्मेलन सम्पन्न भयो । भेलामा ६८ जना किसान तथा संस्थाका प्रतिनिधिहरू सहभागी थिए । सबै सहभागी देशले आआफनो देशका साना, महिला तथा भूमिहीन किसानका सवालहरूका बारेमा जानकारी गराएका थिए भने भेलाको अन्त्यमा तयार गरिएको आह्वान पत्रका आधारमा तत्कालै हुन गइरहेको अठारौं सार्क सम्मेलनमा सार्क फुड बैंक र सीड बैंकको प्रभावकारी कार्यान्वयन गर्न र आआफ्नो देशमा सोहीअनुसार लवी गर्ने प्रतिबद्धता जनाइएको थियो ।

- साना, महिला तथा भूमिहीन किसानका स्थानीयस्तरमा लुकेर रहेका सवालहरू कान्तिपुर, नागरिक दैनिक र नेपाल टेलिभिजनका पत्रकारहरू डडेलधुरा, दैलेख र सुर्खेतमा परिचालन गरिएको थियो । पत्रकारका आँखामा साना, महिला तथा भूमिहीन किसान नामक प्रकाशन भयो ।

**प्रस्तुती : १३, प्रस्तुतकर्ता** : श्यामकुमार विश्वकर्मा, सामुदायिक भूमि सुधार अभ्यास

**मुख्य उपलब्धी**

- सामुदायिक भूमि अधिकारसम्बन्धी समग्र प्रक्रियाका बारेमा जानकारी भयो ।
- सामुदायिक भूमि अधिकार अभ्यास कार्यक्रमका सरोकारवालाहरू पहिचान गरियो ।
- यस अभ्यास कार्यक्रमका मुख्यकर्ताहरूको भूमिका निर्धारण गरियो ।
- आगामि प्राथमिकता कार्य योजना तयार पारियो ।
- द्वन्द्व विश्लेषण, सहजिकरण र सञ्चार सिप तालिम भयो । तालिममा १८ महिला र १५ पुरुषसहित ३३ जना सहभागी भए । सहभागीले द्वन्द्वको के हो ? र द्वन्द्व रूपान्तरण कसरी गरिन्छ भन्ने कुराको सिकाइ भयो ।
- परिकल्पना अभ्यास गरियो । मे र जुन महिनामा गरी ५५ वटा यस्ता अभ्यास गरियो । परिकल्पना अभ्यासमा १ हजार ८ सय ४७ महिला र २ हजार ४ सय १९ पुरुषसहित ४ हजार २ सय ६६ सहभागी भए । सहभागीहरूलाई भूमि तथा स्रोतको आवश्यकता र महत्वको बारेमा गहिरो बुझाई भएको छ ।

**प्रस्तुती : १४, प्रस्तुतकर्ता** : भगवती घले, महिलाको आर्थिक सशक्तिकरणको लागि भूमिमा महिला अधिकार अभियान, ललितपुर

**मुख्य अभियान**

- २१ वटा गाउँ भूमि अधिकार मञ्च मध्ये १७ गाउँ मञ्चको नियमित बैठक भएको छ । गाउँ मञ्चमा ८ हजार ५ सय ५० रुपियाँ सङ्कलन भएको छ ।
- लेले गाविस तल्लो टोल गाउँ मञ्चको २१ घरधुरीको बेनिस्शा सवालको मुद्दा पुनरावेदन अदालतबाट किसानको पक्षमा फैसला भई हाल मालपोत कार्यालयमा आएको छ । किसानले पुर्जा पाउने वातावरण तयार भएको छ ।
- भूमि सवालमा ३ पटक भेला भई भयो । बिर्ता, गुठीको सवालमा छलफल भई मालपोतमा डेलिगेशन गई छलफल गरियो ।
- लेले र प्युटार गाविसमा संयुक्त पुर्जा बनाएको जोडी अभिनन्दन गरियो । ५ गाविसमा भूमिमा महिला अधिकार विषयक अभिमुखिकरण भयो ।
- अभियानमा सङ्गठित भई १६५ किसान जोडीले संयुक्त पुर्जा निर्माण गरेका छन् ।

## १

### सुरक्षित बसोबास चाहिएको छ



बसुन्धरा गौतम । घर, धनगढी नगरपालिका १ पुरानो एअरपोर्ट । गाउँ मञ्चको नाम : सितल गाउँ भूमि अधिकार मञ्च । पद : अगुवा ।

हामी २०५९ सालदेखि यहीँ ठाउँमा बसोबास गर्दै आएका छौं । २०६३ सालदेखि भूमि अधिकार मञ्चमा ११ परिवार सङ्गठित भयौं । गाउँ मञ्चको छलफलबाट सामाजिक नक्सा बनाएका छौं र भूमि किताव निर्माण गरी सबै कुराहरू पनि त्यसैमा समेटेका छौं ।

हामी बसोबास गरेको जमिन नगरविकास समितिको हो । धेरै पटक हामीलाई उठाउने प्रयास भयो । तर भूमि अधिकार मञ्चमा सङ्गठित भएपछि भने पहिले जति दुःख दिन आएका थिएन । तर पछिल्लो समयमा भने जिल्लाको पत्रकार महासंघ नै उठाउन आएको थियो । हामीले ठूलै सङ्घर्ष गर्नुपऱ्यो ।

पत्रकार महासंघले पनि त्यहीँ भवन निर्माण गर्न लागेका रहेछन् । महासंघका अध्यक्षलगायतको टिम पटकपटक बस्तीमा आए र हामीलाई जमिन खाली गर्न भने । हामीले भन्यौं, नगर विकास समितिको जग्गा हो हाम्रो अन्त कतै बासस्थान नभएर यहाँ आएर बसोबास गरेका हौं । यहाँबाट उठेर कहाँ जानु भन्दै नहट्ने बतायौं । पत्रकारहरूसँग हाम्रो धेरै पटक विवाद भयो ।

उनीहरूले भने, हामी शेरबहादुर देउवा ल्याएर भवन शिलान्यास गर्दैछौं । हामीले पनि भूमि अधिकार मञ्चको नेतृत्वमा शेरबहादुर देउवालाई पनि भेटेर कुरा गऱ्यौं । विवादकाबीच एकदिन पत्रकारहरू डोरी टाँगेर भवन बनाउन जमिन छुट्याउने थाले । मैले उनीहरूले गाडेको किलो उखेलर फालिदिएँ । पत्रकार महासंघका अध्यक्षले मलाई धकेलिदिए । त्यसपछि हामी सिडियोकोमा गयौं र निवेदन दियौं । सिडियोले पत्रकारहरूले यस्तो गर्दैनन भने । हामीले सबै दलका नेताहरूलाई पनि भेटेर हाम्रो बस्ती सुरक्षित गरिदिन अनुरोध गऱ्यौं ।

दलका नेताहरू उठिबास गर्न नदिने आश्वासन दिए । शेरबहादुर देउवालाई पनि ज्ञापन पत्र बुझायौं । अन्त्यमा खै कसरी हो ! पत्रकार महासंघ पनि सहमतिमा जाऔं भन्दै बस्तीमा आए । महासंघले पनि खाली जमिन खोजेर भवन निर्माण गर्दैछन् । बस्ती अहिलेसम्म सुरक्षित छ । भोली के होला ? चिन्ता अझै छ ।

हामीले यसपछि अझ बढी सङ्गठनको महत्व अनुभूती गऱ्यौं । यदी सङ्गठन हुँदैन थियो भने हाम्रो उठिबास भइसक्थ्यो । सङ्गठनले बोल्न र अधिकार लिन सिकाएको थियो रत हामी दलका नेता, सिडियो र

पत्रकारहरूसँग खुलेर बोल्न सक्यौं । अहिलेलाई त बस्ती सुरक्षित भएको छ । बसेको जमिनको स्वामित्व पाएनौं भने फेरी पनि यस्तै घटना हुन सक्छ । हामीलाई सुरक्षित बसोबासको स्वामित्व आवश्यक छ । सुकुमबासी आयोगमा पनि निवेदन दर्ता गराएका छौं । सुकुमबासी परिचय पत्र लिएका छौं । तर आयोगले अहिलेसम्म काम भने गर्न सकेको छैन ।

२

## ऐलानीमा बस्दाको पीडा



हिरा डाँगी । सल्यान । सङ्गठन : सुमनगैरा गाउँ भूमि अधिकार मञ्च । पद : अगुवा

प्रत्येक महिनाको ८ गते गाउँ मञ्चको बैठक बस्छौं । महिनामा १० रुपियाँ आन्दोलन कोष सङ्कलन गर्छौं । अहिले सङ्गठना ५ हजार रुपियाँ कोष जम्मा भइसकेको छ । गाउँ मञ्चमा १० परिवार सङ्गठित छौं ।

हामी धेरै पहिलेदेखि आफ्नो नाममा जमिन नभएकाले ऐलानी जमिनमा बसोबास गर्दै आएका हौं । त्यहीँ ऐलानी जमिननै खनीखोस्री केही अन्न उत्पादन गरी जीविका चलाउँदै आएका छौं । गाउँका मान्छेहरू भन्छन् यो जमिन वनलाई नै फिर्ता गर्नुपर्छ । नमाने भोली उठिबास गराउँछन् । यस्तै डर देखाउँछन् र हामीले लगाएको फलफूलहरू टिपेर आफूखसी खाइदिन्छन् । यसो गर्दा सङ्गठनका साथीहरू पनि आतिन्छन् । यिनीहरूले हामीलाई केही गर्न दिँदैनन ।

सङ्गठनको बैठक बस्छौं । यस्तै विषयमा छलफल गर्छौं । आत्तिनुपर्दैन भन्छौं । हाम्रो माग बसोबास गरेको र जोतभोग गर्दै आएको जमिनको पुर्जा (स्वामित्व) चाहियो भन्ने हो । एकपटक हामी गाविसमा जोतभोगको प्रमाण पत्र लिन सिफारिस माग्न गयौं । गाविस सचिवले हुँदैन भने । हामी नलिइ नछाड्ने भन्यौं । गाविस सचिवसँग झगडा पर्‍यो । गाविसले नमानेपछि हामी जिल्लासम्म आन्दोलन गर्न पुग्यौं । जिल्लामा गई प्रशासनसँग छलफल गर्‍यौं । वन कार्यालयमा पनि पुगेर प्रमुखसँग भेटेर छलफल गर्‍यौं । आन्दोलन चर्काउँदै, पटक पटक गाविसमा गएपछि बल्ल सिफारिस लियौं । यही सिफारिसको आधारमा सुकुमबासी आयोगमा पनि निवेदन दर्ता गराएका छौं । तर आयोगबाट पनि हामीले केही सहयोग पाउन सकेका छैनौं ।

३

## सङ्घर्ष गरेर बसेका छौं



म विष्णु खड्का । गुलरिया नगरपालिका- २ सङ्गम बस्तीमा बस्छु । सङ्गमबस्ती गाउँ भूमि अधिकार मञ्चको कोषाध्यक्ष हुँ ।

सङ्गठनमा ४ सय ७० परिवार सदस्यहरू छन् । सबै सदस्यहरूले सदस्यता नवीकरण गरेका छन् । यस वर्ष सबैले सुकुमबासी आयोगमा निवेदन दर्ता गराउन अभियाननै गरियो । तर परिचय पत्र पनि नपाइकन आयोग ढल्यो ।

सङ्गठनमा बसेर काम गर्दा धेरै कठिन पनि हुँदो रहेछ । सुकुमबासी बस्ती भएकाले विभिन्न समयमा विभिन्न सवालहरू आउँछन् । कहिले बाढीले त कहिले वनका कर्मचारी र समितिका मान्छेहरू आइरहन्छन दुःख दिन आएर हैरान । सङ्गठनको प्रयासमा भुकम्प प्रभावित क्षेत्रको राहतको लागि २ हजार २ सय २३ रुपियाँ सङ्कलन गरी पठाएका थियौं ।

वर्खामा बाढी पसेर सुकुमबासी बस्तीलाई जयादै दुःख दिइरहेको छ । सङ्गठनमा हिड्दा मलाई घरपरिवारबाट सहयोग गर्छन् । आज सङ्गठनको काम छ है ! जान्छु भन्दा सहयोग नै गरेका छन् । राष्ट्रिय मञ्चको चौथो सम्मेलन कञ्चनपुरमा भएको त्यो सफल पार्नको लागि हामीले जिल्लाबाट गर्नुपर्ने दायित्व पूरा गर्नको लागि धेरै समय खटिएयौं । म तीन महिनासम्म जिल्लामा खटेँ । गाउँगाउँमा पुगेर मञ्चको बैठक राख्ने, कोषहरू सङ्कलन, सदस्यता नवीकरण गर्ने आदि काम ।

भूमिहीन सुकुमबासीहरूले सुरक्षित बसोबास र खान पुग्ने जमिन राज्यबाट नपाएसम्म हामी आन्दोलनबाट विचलित नहुने भनेर प्रतिवद्ध भएर लागिरहेका छौं । सङ्गठनमा पनि यही विषयमा छलफल गर्छौं ।

४

## व्यवसायिक खेतीमा लागेका छौं



नाम : सुजता थापा मगर । घर : कञ्चनरुप नगरपालिका- ८ धरमपुर, सप्तरी । सङ्गठन : जनमुखी गाउँ भूमि अधिकार मञ्च । पद : कोषाध्यक्ष ।

गाउँ भूमि अधिकार मञ्चमा ३६ परिवार सङ्गठित छौं । सबै भूमिहीन सुकुमबासी हुन् । हामी सबै सदस्यहरू मिली कृषि उद्यम गरेका छौं यसबाट जीविकोपार्जनमा सहयोग पुगिरहेको छ ।

कृषि उद्यम गर्नको लागि दश वर्षको लागि वार्षिक ६० हजार रुपियाँ भाँडा तिर्ने गरी जग्गा लिएका छौं । ६५ परिवार मिली सामूहिक खेती गरेका छौं । यस्तो खेती हामी गाउँ भूमि अधिकार मञ्च र सहकारी मिलेर गरिरहेका हौं ।

हामीले बाँझो जमिनमा खेतीपाती सुरु गरेका हौं । खेती गर्नु पहिले यस्तो बाँझो जमिन छ, राम्रो उत्पादन हुँदैन तिमीहरूको लगानी खेर जाने भो ! भन्दै खिसी गर्नेहरू धेरै थिए । अहिले उनीहरू छक्क परेका छन् । हाम्रो मेहनतले उत्पादन राम्रो भएको छ । उत्पादन भएको सामग्रीहरू सजिलै बजार पाएका छ । यसबाट राम्रो आम्दानी हुन थालेको छ ।

१० जोडी किसानले संयुक्त पुर्जा निर्माण गरिसकेका छन् । तर सङ्गठनमा बसेका सबैसँग आफ्नो नाममा जमिन नभएकाले संयुक्त पुर्जा बनाउन भने समस्या छ । हामी हरेक महिना बैठक बस्छौं । बैठकमा कृषि उद्यम र भूमि अधिकार अभियानबारे छलफल गर्छौं । आन्दोलन कोष मासिक ५ रूपियाँ जम्मा गर्छौं । अहिले ७ हजार आन्दोलन कोषमा जम्मा भएको छ । यस्तो कोष अभियानका कामहरू गर्दा खर्च गर्ने गरिएको छ ।

## ५

## आठ नम्बरीले दियो दुःख



पवित्रा सुनार । खवनगाई गाविस- ८ खैरेनी, रुपन्देही । खैरनी गाउँ भूमि अधिकार मञ्च ।

गाउँमा ७८ घरधुरी छ । यी मध्ये ३५ दलित परिवार छन् । सबैको समस्या ८ नम्बरी सवाल हो । गाउँ मञ्चको बैठक प्रत्येक महिनाको ४ गते बस्छौं । आन्दोलन र अभियानको काममा खर्च गर्न कोष खडा गरेका छौं । सङ्गठनमा १९ हजार ५ सय ४६ रुपियाँ आन्दोलन कोष जम्मा भएको छ । सङ्गठनका सदस्य सबैले मञ्चको सदस्यता लिएका छन् र नवीकरण पनि गरेका छन् ।

हामीले जोतभोग गरिरहेको जमिन २०३६ सालमा नापी हुँदा ८ नम्बरीमा पारियो । त्यही कारण अहिलेसम्म पुर्जा पाउन सकेनौं । हामी जोतखन गरीरहेका छौं । घरबस्ती पनि त्यहीँ छ । तर स्वामित्व भने हामीसँग छैन। त्यही जमिनको स्वामित्व लिनको लागि भूमि अधिकार मञ्चमा २०६८ सालदेखि सङ्गठित भई आन्दोलन गरिएका छौं । ६ कट्ठा १० धर जमिन जोतभोग मेरो परिवारले जोतभोग गरेका छौं । त्यसको सिफारिस पनि गाविसबाट लिएका छौं । अव त्यसको पुर्जा लिनु बाँकी छ ।

आन्दोलनको क्रममा एकपटक २०६४ सालमा जग्गा दर्ताको लागि गाविसमा सिफारिस लिन गएका थियौं । गाविस सचिवले दिइएन । गाविस सचिवले सिफारिस दिनुभन्दा उल्टै घरका काम गर्नु यसरी बराल्लिएर हिड्ने

भनेर थर्काए । र फर्काए । हामी धेरै चिन्तीत भयौं । हामी सङ्गठित भएर फेरी गयौं । गाविस सचिवले मानेनन । हामी आन्दोलन गर्छौं गाविस घेर्छौं भनेपछि ५ दिनपछि आउनु सर्वदलिय बैठक बसेर छलफल गर्छौं भने । ५ दिनपछि फेरी गयौं सिफारिस त दिने भएछ तर एउटा सिफारिसको लागि १०५ रुपियाँ दस्तुर लाग्ने भनियो । त्यही भएपनि तिरेर सिफारिस लियौं । त्यसपछि जग्गा दर्ता गरिदिन भन्दै मालपोत र नापीमा गयौं तर काम हुन सकेन । नापी कार्यालयमा धर्ना पनि बस्यौं तर केही हुन सकेको छैन । तर हामी थाकेका छैनौं फेरी पनि आन्दोलन गर्ने योजनामा छौं । बसोबास गरेको र जोतिरहेको जमिनको अधिकार नपाएसम्म आन्दोलनबाट पछि नहट्ने अठोट गरेका छौं ।

सबैले सुकुमबासी आयोगमा निवेदन दर्ता गराएका छौं । आयोग पनि काम नलाग्ने भयो भन्ने सुनेका छौं । हाम्रो समस्या अव कसरी समाधान हुन्छ अन्यौलमा छौं ।

६

## लालपुर्जासँगै थपिएको खुसी



नाम : जानुका थापा मगर । घर : लहरेपौवा गाविस- ५ पैरेबेशी, रसुवा । सङ्गठनः पैरेबेशी गाउँ भूमि अधिकार मञ्च । पद : अगुवा ।

जग्गाजमिन जोतिरहेका थियौं । जोतेको जमिन बिर्ता रहेछ । जब भूमि अधिकार अभियानमा सङ्गठित भयौं । आन्दोलन जुट्यौं । वर्षौंदेखि जोतभोग गर्दै आएको जमिनको पुर्जा लियौं । पुर्जा हातमा परेपछि धेरै खुसी भयौं । त्यही जमिनमा यस वर्ष हामी श्रीमान्-श्रीमतीको नाममा संयुक्त पुर्जा बनाएका छौं । संयुक्त पुर्जा बनाएपछि झन खुसी परिवारमा थपिएको छ । घर र खेती नै संसार थियो । सधैंभरी त्यही खेतीमा काम गर्दा पनि खान पुग्दैनथ्यो । तैपति हाम्रो अधिकार छैन रहेछ । भूमि अधिकार मञ्चले पुर्जा नदिलाइदिएको भए हामी अहिलेसम्म भूमिहीन सहर नै हुनेथियौं । पुर्जा हातमा आउँदा मेरो नाममा आयो । म ज्यादै खुसी थिएँ, तर पछि संयुक्त (श्रीमान्-श्रीमतीको नाममा) पुर्जा बनाउने नीति आयो । मैले पनि मेरो र श्रीमान्को नाममा संयुक्त पुर्जा बनाएँ ।

छ अरू साथीहरूले अझै पुर्जा पाउन सकेका छैनन । हामीलाई उनीहरूले सघाए अव हामीले पनि उत्तिकै सघाउनुपर्छ । अधिकार पायौं भनेर आन्दोलनमा हिड्न छाड्यौं भने त हामी स्वार्थी भइहाल्यौ नि । बैशाख १२ गते गएको भुइँचालोले गाउँका सबैको घर भत्किएको छ । सबै पीडित बनेका छन् । भुकम्पपछिको अस्थायी बासको लागि भूमि अधिकार मञ्चले सहयोग गरेको छ । हामी अस्थायी आवास बनाएर बसोबास गरिरहेका छौं । सङ्गठन छ, शक्ति छ । पहिचान छ र त दुःख परेको बेला पनि एकअर्कामा सहयोग मिल्छ । हामी खुसी छौं ।

७

## छुट जग्गाको अधिकार लियौं



नाम : दिपकराज भट्ट । घर : जिलिङ गाविस- ६ नुवाकोट । सङ्गठन : महादेवखर्क गाउँ भूमि अधिकार मञ्च । पद : अगुवा ।

स्कुल पढ्दा सरहरूले तिम्रो घरमा कति जमिन छ ? खेत-बारी कति छ ? भनेर सोध्नुभयो । मैले कक्षामा त्यसको उत्तर दिन सकिन । घरमा बुबालाई सोधेँ । भन्नुभयो, हाम्रो आफ्नो नाममा कत्तिपनि जमिन छैन बाबु । सबै अरूकै नाममा छ । जग्गा त हामीले कमाइरहेका छौं । स्वामित्व हामीसँग नभएकाले चिन्ता लाग्यो । त्यसपछि मालपोत कार्यालयमा गएर हेरेँ । बारी जति छुटमा परेछ र खेत जति सबै बिर्तामा ।

त्यतीबेला हामीले पुर्जा बनाउन खोज्दा सकेनौं । पछि २०६९ सालमा भूमि अधिकार मञ्चमा सङ्गठित भयौं । मञ्च लागेर बिर्ता जग्गा र छुट दर्ता जग्गाको पुर्जा लिनको लागि आन्दोलन गर्‍यौं । मालपोत कार्यालयमा धर्ना पनि बस्यौं । भूमि अधिकार मञ्चकै पहलमा निवेदन दिएर छुट जग्गा (बारी) जतिको पुर्जा बनाएर ल्यायौं । अब खेत बिर्तामा परेकाले त्यसको पुर्जा बनाउन बाँकी छ । बिर्तावालाले पनि जमिनको पुर्जा बनाएर लान सकेका छैनन । न किसानले पाएका छन् । पहिलेपहिले कुत उठाएर पनि लाने गरेका रहेछ । अहिले त कोही पनि आउँदैनन । एक पटक बिर्तावाला गाउँमा आउँदा के कुरा नमिलेर हो गाउँलले लखेटेछन् त्यसपछि भने बिर्तावाला आएका छैनन ।

एक्लै हिड्दा केही नहुने रहेछ भन्ने सिकाइ छुट दर्ताको पुर्जा बनेपछि भएको छ । सामूहिक हिड्दा फाइदा हुनेरहेछ । र त्यस्तो शक्ति बलियो पनि हुने रहेछ । मञ्चमार्फत अहिले संयुक्त पुर्जा बनाउने अभियान पनि भइरहेको छ । हाम्रो सङ्गठनमा १ जोडीको मात्र संयुक्त पुर्जा बनाउन सकिएको छ । ४० जना छन् सदस्यता त । तर सबैको जग्गा बिर्ता । बिर्ता जमिन भएकाहरूसँग पुर्जा छैन । गाउँमा संयुक्त पुर्जासम्बन्धी चेतना फैलाउन पुगेको छैन रहेछ भन्ने सिकाइ भएको छ । यस्ता चेनता फैलाउने काममा हामीले विद्यालयका शिक्षकहरूलाई पनि परिचालन गरी विद्यार्थीहरूलाई यसको महत्व बुझाउँदा अझ बढी फाइदा हुन्छ कि जस्तो लाग्न थालेको छ । बिर्ता जग्गाको पुर्जा बनाउनको लागि धेरै प्रयासहरू भइरहेका छन् । गत बैशाख ७ गतेपनि उच्चस्तरीय छलफल भएको छ बिर्ता सवालमा । अझ चाँडै भइदिए हुन्थ्यो भन्ने लागेको छ ।

८

## मञ्चले दिएको खुसी



नाम फूलमाया विक : घर जानकीनगर गाविस वडा नं. २, सर्लाही । सङ्गठनको नाम : प्रगतिशील गाउँ भूमि अधिकार मञ्च । पद : सचिव

२०६६ सालमा हामी कहाँ गाउँ भूमि अधिकार मञ्च गठन भयो । सङ्गठनमा २१ परिवार सङ्गठित छौं । सङ्गठनमा हरेक हप्ताको शुक्रबार भूमि सिकाइ केन्द्र सञ्चालन हुन्छ । हामी समसामयिक समस्या र विकास निर्माणका कामसमेतको विषयमा छलफल गरी निर्णय गर्छौ र कार्यान्वयनको लागि पहल पनि गर्छौं । गाउँ मञ्चबाट गर्न नसकिएका सवालहरूलाई जिल्ला मञ्च सम्म पुर्‍याउने काम पनि गर्छौं । सङ्गठनका सबै सदस्यहरू उत्तिकै सक्रिय छन् । हरेक महिना आन्दलन कोष सङ्कललन गर्छौं । हामी भूमि अधिकारको अलवा विवाह दर्ता, नागरिकता, जन्मदर्ता, बसाइँ सराई, भएकाहरूको विषयमा छलफल गरी सङ्गठनबाटै यस्ता विषयमा पनि सहयोग गर्ने गरेका छौं ।

मेरो लागि भूमि अधिकार मञ्च मञ्च दोस्रो जन्मदाता जस्तै भएको छ । जन्म महोत्तरीको लक्ष्मीनीयामा भयो । आर्थिकरूपमा कमजोर परिवार थियो । धेरै दुःख पाएका थियौं । ५ कक्षा पढ्दै गर्दा १४ वर्षको उमेरमा विवाह भयो । विवाह गरेर आएको परिवार पनि सम्पन्न थिएनन् । आफ्नो खेतीपाती केही थिएन । अलिकति खोरीया बारी थियो साह्रै कठिन खेती गर्न ।  दिन-रात श्रम गर्नु पर्ने बाध्यता । एक पेट खान धौधौ थियो । यही क्रममा हामी गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित भयौं । सङ्गठनमा लागेपछि विभिन्न छलफलमा सहभागी भइयो, विभिन्न ठाउँमा आन्दोलनमा हिडियो । धेरै कुराको सिकाइ हुँदै गयो । जुन विषयहरू थाहा नै पाएका रहेनछौं । पछि भूमि सिकाइ केन्द्रपनि सञ्चाल भयो । नियमित छलफल गर्न थाल्यौं । एक वर्षसम्म नियमित सहभागी भएपछि मेरो जीवनमा धेरै परिवर्तन आयो । आफूलाई धेरै सुधारेँ । अहिले सानो जागिर पाएकी छु । साना कक्षाको विद्यार्थीहरूलाई पढाउने काम । मासिक ३ हजार पारिश्रमिक लिन्छु । श्रीमान् सधैं ज्यालामजदूरी गर्नुहुथ्यो । उनले नगरी परिवार पाल्न गाह्रो थियो । जब मैले जागिर पाएँ । श्रीमान्लाई अलिक बढी कमाइ हुन्छ कि भनेर विदेश पठाएको छु । मेरो अहिले ३ वटा छोरीहरू छन् ।

जिल्ला मञ्चको तेस्रो सम्मेलनबाट म जिल्ला मञ्चको सदस्य भएकी छु । खुसी लागेको छ । हाम्रो गाउँ मञ्चका नियमित सङ्कलन गरिएको कोषबाट ७८ हजार रुपियाँ जम्मा भएको छ । यस्तो कोषहरू हामी विभिन्न समयमा हुने आन्दोलन तथा अभियानको कामहरूमा पनि खर्च गर्छौं । मेरो जीवन सधैं दाउरा घाँस र परिवारको स्याहार, सुसारमा वित्थ्यो । जव म भूमि अधिकार मञ्चमा सङ्गठित भए तव मेरो जीवनले नै पुनःजीवन पाएको अनभूती गरेकी छु । ५ कक्षा पढ्दैमा विवाह गरेकी म भूमि अधिकार मञ्चको उत्प्रेरणाबाट एसएलसीसमेत दिएकी छु । छोरीहरू पढाएको छु । आफ्नो बस्ने थातथलो समेत सानो घडेरी किनेर सुरक्षित बनाएको छु ।

## ९

## सङ्गठनमा शक्ति छ



नाम : रमेश तामाङ । घर : चापागाउँ ललितपुर । सङ्गठन : चारघरे गाउँ भूमि अधिकार मञ्च । पद : सविच ।

चारघरे गाउँ मञ्चमा तामाङ र मगर समुदायका मानिसहरू सङ्गठित छन् । सबै भूमिको अधिकारबाट वञ्चित हुन् । अधिकांश परिवार अरूको जग्गा कमाएर जीविका निर्वाह गर्दै आएका छन् । केही किसानले मोही पनि लिइसकेका छन् भने केही लिनको लागि भूमि अधिकार मञ्चमार्फत आन्दोलनमा सङ्गठित भएका छन् ।

हाम्रो सङ्गठनका साथीहरू मञ्चमा सङ्गठित हुनु अघि भूमि अधिकारबाट वञ्चित श्रमिक किसानहरूले कसरी आफनो अधिकार लिन सकिन्छ भन्ने जानकारी नभएको बताउथे । उनीहरू भन्थे, जसरी चल्दै आएको छ त्यसरी नै चल्छ । भूमि सवाल सबैको थियो तर त्यो सवाललाई कसरी अगाडि बढाउने भन्ने बाटो थाहा थिएन । सबैको सवाल एउटै भए पनि एक्लाएक्लै मात्र दौडी रहेका थियौं । तर जव भूमि अधिकार मञ्चमा सङ्गठित भयौं तव सोचाइमा परिवर्तन आएको छ । सङ्गठित शक्तिमै सबै कुरा हुने बुझ्यौं र भूमि अधिकार मञ्चमार्फत नियमित छलफल र आन्दोलनमा हिड्ने अठोट गरेका छौं । हामीसँग समस्या छ, तर त्यो समस्या कसरी समाधान हुन्छ भन्ने कुरा बल्ल बुझ्न थालेका छौं ।

हामीले सङ्गठन भेला आयोजना गरी सवाल पहिचानको लागि सहभागीमुलक तरिकाले नक्साङ्कन गऱ्यौं गाउँको स्रोत, सामाजिक र गतिशील नक्सा तयार पारेका छौं । यसबाट भूमि सवालको पहिचान गरेका छौं । सहयोगीहरूको पनि नक्साङ्कन गरेका छौं ।  गाउँ मञ्चमा २३ परिवार छन् । ती मध्ये १३ परिवार मोही किसान र २ परिवार ऐलानी पीडित हुन् । ८ परिवारको वेनिस्याको समस्या छ । सङ्गठन स्थापना भएको ३ वर्ष भयो । ५ जना मोही किसान अहिले पनि मोही हकको लागि मुद्दा लडिरहेका छन् ।

हरेक महिनाको ७ गते सङ्गठनको बैठक हुन्छ । बैठकमा २० रुपियाँ आन्दोलन कोष पनि सङ्कलन गर्ने गरिएको छ । अहिले ६ हजार जति कोषमा जम्मा भएको छ । सङ्गठन सक्रिय हुँदै गएको छ । अव सङ्गठित किसानहरूको लागि जग्गाको अधिकार जसरी पनि दिलाउनुपर्ने आवश्यकता छ । यसको लागि हामी जिल्लाको मालपोत कार्यालयलगायत स्थानीय निकायहरूसँग पनि नियमित छलफल गरिरहेका छौं ।

***

**जगत देउजा,** कार्यकारी निर्देशकबाट रिफ्लेक्सन

सबै अगुवा साथीहरूको कुरा सुनेर ऊर्जा बढ्यो । समग्रमा के देखियो भने उपलब्धी भएको संगठनमा समस्या कम र समस्या भएको ठाउँमा उपलब्धी कम । उपलब्धी आएको सङ्गठनको खुसी बढी छ ।

समुदायमा भएको राम्रा अभ्यासहरूलाई नीतिगत तहसम्म ल्याउने र नीतिगत तहमा भएको विषयहरू समुदाय तहसम्म कसरी पुऱ्याउने भन्ने पाइप निकै नै साघुरो हुँदै गएछ । हाम्रो कामको प्रसार ज्यादै कम भएछ । जस्तो : बैशाख ७ गते बिर्ता सवालमा बृहत अन्तरक्रिया काठमाडौंमा भयो । भूमि सुधार मन्त्रालय र राष्ट्रिय भूमि अधिकार मञ्च आयोजक । एउटै व्यानरमा मन्त्रालय र मञ्चको लोगो । कार्यक्रममा समुदायका बिर्ता पीडित किसानदेखि जिल्लाका मालपोत प्रमुख हुँदै विभागका महानिर्देशक, मन्त्रालयका सचिव र मन्त्री तथा समासद्को उपस्थिती । कार्यक्रम सञ्चालन मन्त्रालयको उपसचिवले कार्यक्रम प्रस्तुत राष्ट्रिय भूमि अधिकार मञ्चका पूर्व अध्यक्षले । एउटै फोमर । यो कार्यक्रम ज्यादै प्रभावकारी थियो । यस्तो कार्यक्रमको प्रसार कसरी तल्लो तहसम्म पुग्छ त ? यो मात्र एक होइन, यस्ता कार्यक्रमहरू समुदाय तहदेखि केन्द्रसम्म भइरहेका छन् तर त्यसको प्रसार पुगेको छैन । कसरी आदान-प्रदान गर्ने भन्ने कुरालाई पनि हामीले बिचार गर्नुपर्छ ।

हामी सुरक्षित बासको लागि कुरा उठाउने हो र त्यसैमा आन्दोलन गर्ने हो । यसैमा केन्द्रीत हुनुपर्छ । कतै सिमित राहत दिलाउने जस्ता काममा अल्झियौं भने लक्ष्यमा पुग्न सक्दैनौं । बाढी पीडितलाई राहत, अरुलाई राहत भनेर हिड्यौं भने आन्दोलनमा सफल हुन सक्दैनौं । हामी सुरक्षित बासको लागि वकालत गर्छौं । बरु यस्ता सवाललाई हामीले वकालतको मुद्दा बनाउनुपर्छ । भुकम्प पछाडी भूमिको सवालमा आएको विषयहरूलाई राष्ट्रिय भूमि अधिकार मञ्चले वकालतिय मुद्दा बनाएर अघि बढीरहेको छ । बस्ती बसाल्ने नाममा खेतीयोग्य जमिन मास्न पाइदैंन है भन्दै सभामुखको ध्यानकर्षण समेत गराइसकेको छ । भूमि सुधार मन्त्रीलाई पनि भूमिको आँखाबाट सुझाव पेश गरिएको छ ।

यो आन्दोलन हो । यसमा कसैले गर्देला भनेर बस्नु राम्रो होइन । आफैंले गर्ने हो । भएको कामलाई एसएमएस गरौं, इमेलमा पठाऔं, सामाजिक सञ्जालमा प्रसार गरौं र सबैलाई जानकारी गरायौं र त्यसबाट पृष्ठपोषण लिऔं र सिकौं । तल्लो तहमा समुदायका सङ्गठनका अगुवाहरूमा धेरै ज्ञान छ । यसलाई प्रसार गरौं । स्थानीय तहको ज्ञानलाई बढाउनको लागि हामीले पनि सक्दो सहयोग गरौं ।

आगामि दिनमा जति गाउँ मञ्च हामी समेट्छौं । ती सबैको अनिवार्य योजना बनाएर अघि बढौं । अनि मात्र उपलब्धी लिन सक्छौं । प्रकोपको घेरामा काम गर्दा सदस्यहरूसँग मात्र नगरेर अरुसँग पनि गर्नुपर्ने रहेछ । यसरी काम गर्दा हाम्रो अभियान झन फैलन मद्दत पुग्छ । हाम्रा कार्यक्रमहरूमा कसरी अरुलाई पनि समावेश गरी अघि बढ्ने भन्ने विषयमा पनि सोचौं ।

## प्रगतिमापकबारे छलफल

दोस्रो दिनको खानापछिको शेसनमा आत्मनिर्भर केन्द्रका अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान संयोजक अपराजिता गौतमले प्रगतीमापक सूचकका बारेमा छलफल गराउनुभयो । यस्तो छलफलमा भोला बस्नेत, भोला पासवान, सरस्वती कटवाल, फूर्तिमान राई, राजकुमार बस्नेतलगायत सहभागी हुनुहुन्थ्यो र उहाँहरूले आफ्नो कार्यक्षेत्रमा गरेका अभ्यासको अनुभव आदान-प्रदान गरेका थिए ।

प्रगती मापक सूचक प्रयोग गरी ६/६ महिनामा सङ्गठनमा छलफल गर्दा कुन गाउँ मञ्च कहाँ पुगेको छ ? सङ्गठन र आन्दानेलनको अवस्था कस्तो छ ? राखिएको उद्देश्य कति पूरा भयो ? र कति बाँकी छ ? भन्ने कुरा छर्लङ्ग थाहा हुने रहेछ । यो सूचक सङ्गठनको अभ्यासमा प्रभावकारी लाग्यो । केही कमजोरी भएको छ भने समस्याहरू देखिने र सुधार गर्नको लागि उपायहरू पनि लिन सकिन्छ यसबाट । विभिन्न स्थानीय निकायसँगको सहकार्य गर्न र अधिकार प्राप्तीको लागि समुदायका मानिसहरू जागरुक बनाउन पनि यो सूचक प्रभावकारी लाग्यो ।

पहिले भरेको फर्मेट पढेर गाउँ मञ्चमा सुनाउँदा र पछि अनुगमनमा सेट गरिएको बुँदाअनुसार छलफल गर्दा जुन बुँदा भरिएको छ त्यसैमा मात्र केन्द्रित रहेर उपलब्धी हेरिन्छ र सदस्यहरू सबैले सजिलै बताउन सक्छन् ।

यो सूचकको प्रयोग गरी छलफल गर्न थालेपछि सदस्यहरू पनि सक्रिय हुन थालेका छन् र नियमित छलफलमा सहभागी हुन्छन् । र उपलब्धीहरू पनि देखिन थालेको छ । यो सूचक आफूले बनाएको योजना भयो वा भएन भनेर फर्केर हेर्नको लागि सहयोगी छ । यसले काममा थप सरलता पनि थप्ने रहेछ । भूमि अधिकार मञ्चमा लागेर के गर्दो रहेछ भन्ने भ्रम चाहिँ चिर्दो रहेछ । यस औजार प्रभावकारी हुन्छ । यसैले सबै सङ्गठनमा यो सूचकलाई अभ्यासमा ल्याइनु जरुरी छ ।

यसपछि **भूमि अधिकार आन्दोलनका सवाल, चुनौती र सवालहरू** विषयमा आत्मनिर्भर केन्द्रका संस्थागत सल्लाहकार जगत बस्नेतले सहजीकरण तथा प्रस्तुती गराउनुभएको थियो ।

**आन्दोलनको सन्दर्भ**

- बैशाख १२ र २९ को भुकम्प र पहाडका १४ जिल्ला प्रभावित
- नयाँ संविधानको ड्राफ्ट र भूमिका मुद्दा
- भूमिसम्बन्धी ऐन २०२१ को छैटौ संशोधन
- बिर्ता ऐनमा संशोधन
- गुठी ऐनमा छलफल
- तराई-मधेस चुरे राष्ट्रपति कार्यक्रम
- सुकुमबासी समस्या समाधान आयोग र सर्वोच्चको निर्णय
- भूमिमा महिलाको कार्यविधि
- हलिया पुनर्स्थापना, हरूवा पुनर्स्थापना

**आन्दोलनकर्ताले सोच्नुपर्ने कुराहरू**

- विचारले आन्दोलनलाई डोराउँछ, विचार नै नभइकन पैसाका भरमा सुरु गरिएका आन्दोलन लामो समयसम्म टिक्दैनन् ।
- आन्दोलनको सङ्गठन र पहिचान पहिलो कदम हो । जस्तै : बार वा पत्रकारको आन्दोलन जति पैसा भएपनि डलरको नहुने ।
- आन्दोलन चरणबद्धरूपमा अगाडि बढ्छ जस्तै भर्पाई, मोहियानी हक, समग्र भूमि सुधार ।

- भूमिकामा स्पष्टता : आन्दोलनरत समुदाय, सहजीकरण गर्ने संस्था र अभियानकर्मी र सहयोगी निकाय ।
- आन्दोलन हो या होइन भन्ने सङ्गठनको चरित्र र त्यसले दिने नतीजाले निर्धारण गर्छ ।

**ध्यान दिनुपर्ने पक्ष**

- आधिकारिक सम्वाद र विकल्प- क्षेत्रीय, जिल्ला र गाविस वा नगरपालिका तहमा बहस
- आधिकारिक अभियान वा नतीजामा आधरित आन्दोलन
- प्रतिबद्ध सङ्गठन, सदस्य र अगुवाहरू (सङ्ख्या घट्ने होइन बढ्ने हो)
- प्रतिबद्ध कार्यकर्ता (जागिरे होइन)

## समूह कार्य र प्रस्तुती

**आगामी आन्दोलनका सवाल, अवसरहरू, चुनौतीहरू र मुख्य कार्यहरू वा अभियानहरू**

**समूह : १, राष्ट्रिय मञ्च**

| सवालहरू | अवसरहरू | चुनौतीहरू | मुख्य कार्यहरू |
|---|---|---|---|
| नयाँ संविधानमा भूमि सुधारको मुद्दा स्थापित | स्थानीयदेखि राष्ट्रिय तहसम्मको जनसङ्गठन | नीतिगत तहमा भू-माफियाको चलखेल | संविधान सभामा सहभागी दलका प्रमुखहरूसँग निरन्तर सम्वाद गर्ने । |
| | नीतिगत तहमा मञ्चको पहिचान | भूमि सुधारको मुद्दामा मुखले ठिक्क पार्ने कामले भनेजति नगर्ने दल | दलका सचेतक सभासद्सँग नियमित भेटघाट |
| | सहयोगी निकाय | अस्थीर सरकार | संविधानमार्फत भूमि सुधार गर फोन सम्वाद कार्य जिल्ला जिल्लाबाट गर्ने । |
| | वकालतिय सामग्री | | जिल्लागत रुपमा संविधानको मस्यौदामाथि छलफल गरी सुझाव तयार पारी पेश गर्ने । |
| | अन्तर्राष्ट्रिय तहको सम्बन्ध | | संविधानमा भूमि सुधार गर्न दबाब दिन राष्ट्रि आन्दोलन गर्ने । |
| | सहयोगी सञ्चारकर्मीहरू | | |
| | सञ्जालीकरण, खाद्य, कृषि सञ्जालहरू | | |

**समूह : २, पूर्वी स्रोत केन्द्र**

| सवालहरू | अवसरहरू | चुनौतीहरू | मुख्य कार्यहरू |
|---|---|---|---|
| मोही दर्तावाल/बेदर्तावाला | • मोही प्रभाण भएको<br>• सङ्गठित<br>• सरोकारवालासँगको सम्झौता | • जग्गधनी र कर्मचारीको मिलोमतोमा लगत कट्टा गर्नु ।<br>• मोहीलाई सम्बन्धित कानुनी ज्ञानको कमी हुनु । | • सङ्गठन निर्माण, परिचालन कानुनी ज्ञान, सरोकारवालाबीच प्रत्यक्ष सम्वाद र डेलिगेसन । |
| चुरे | • सङ्गठनहरू<br>• तराई-मधेस चुरे संरक्षण समिति<br>• नीतिगत तहमा समन्वय गर्न सकिने | • कानुनी अवरोध<br>• चुरेको स्रोत दोहोन अत्यधिक<br>• जोखीमपूर्ण बसोबास<br>• अधिकारवालाबाट वञ्चित | • सङ्गठन निर्माण र परिचालन<br>• चुरेसम्बन्धी नीति पत्र तयार<br>• चुरे समिति र वन मन्त्रालयमा डेलिगेसन । |
| हरूवा-चरुवा | • राज्यले हरूवा-चरुवा स्वीकारेको<br>• सङ्गठन निर्माण भएको<br>• सरकारसँग सम्झौता भएको | • जमिनदारहरूको विरुद्धमा जोखि मोल्न नचाहनु ।<br>• जीविकाको विकल्प नभएको ।<br>• | • परिचय पत्र प्राप्तीका लागि सङ्गठन निर्माण र परिचालन गरी दबाब सिर्जना गर्ने<br>• नीतिसम्बन्धी अभिमुखीकरण गरी अध्ययन अनुसन्धान गर्ने |
| सुकुमबासी | • सुकुमबासी आयोग<br>• राजनीतिक दलको घोषणा पत्र<br>• संविधानको मस्यौदामा भूमिहीन दलितको लागि उकपटक जग्गा उपलब्ध गराउने कुरा लेखिनु | • सरकारका सुकुमबासी विरोधी नीति<br>• सुकुमबासीको नाममा हुकुमबासीको हावी । | • सङ्गठन परिचालन गरी दबाब सिर्जना<br>• वास्तविक सुकुमबासीको पहिचान |

**समूह : ३, पश्चित स्रोत केन्द्र**

| सवालहरू | अवसरहरू | चुनौतीहरू | मुख्य कार्यहरू |
|---|---|---|---|
| सुकुमबासी | • आयोग गठन हुनु | • आयोगको काम | • आयोगको काम |

| | | | |
|---|---|---|---|
| भूमिहीन, अव्यवस्थित | | रोकिनु | फुकुवा गर्न दबाब दिने ।<br>● सङ्गठन परिचालन गरी शक्ति प्रर्दशन गर्ने । |
| संविधानमा भूमि अधिकार | ● संविधान छिट्टै घोषणा हुने अवस्था<br>● संविधानको मस्यौदा आएको छ । सुझाव दिन सकिने ।<br>● किसान सङ्गठनहरू भमिसम्बन्धी काम गर्ने संस्था, सङ्गठनसँग सहकार्य गरी दबाब दिन सकिने । | ● सहमतिमा शिर्ष नेताहरूले संविधान घोषणा गराउन सक्ने ।<br>● भूमाफिया र प्रशासकको प्रभाव । | ● जिल्ला तहमा प्रर्दशन सभा<br>● दलका मुख्य नेताहरूलाई भेटेर मञ्चको धारणा बुझाउने, लविङ गर्ने ।<br>● अधिकाशं सदस्य परिचालन गरी एउटै सुझाव दिने । |
| बाढी विस्थापितको सुरक्षित आवास | ● सुरक्षित आवासका लागि सरकारको चासो<br>● विस्थापितको बास पालमा आन्दोलित अवस्था<br>● | ● पैसाले मुद्दा किन्ने प्रयास | ● जिल्ला प्रशासनमा दबाब मुलक धर्ना ऱ्याली |
| भूमिसम्बन्धी ऐन २०२१ छैठौं संशोधन | ● संसद्मा विधयेक पेश ।<br>● आफ्नो पहुँ भएको सभासद्लाई मोही पक्षमा बोल्न लगाउने । | ● द्वैध स्वामित्व अन्त्य<br>● जोताहको हक मार्ने<br>● जमिनदार र प्रशासकको प्रभावमा जोताहामारा ऐन | ● द्वैध स्वामित्व ( मोहियानी हक) बारे सभासद् र दलका नेतासँग छलफल<br>● मालपोत कार्यालयमा धर्ना तथा काम रोक |
| हलिया पुनर्स्थापना | ● बधुँवा श्रम निषेध ऐन बन्दै छ ।<br>● हलिया पुनर्स्थापना सम्बन्धी कार्य योजना लागु भएको छ । | ● मस्यौदा ५ वर्ष वित्दासम्म संसद्मा पेश भएको छै ।<br>● जग्गासहित पुनर्स्थापनाको विषय स्पष्ट छैन ।<br>● पुनर्स्थापना सम्बन्धी कार्ययोजनामा | ● बँधुवा श्रम निषेध ऐन पारित गराउन हलिया समस्या भएको क्षेत्रका सभासद्सँग सम्वाद गर्ने र सुझाव पेश गर्ने ।<br>● हलिया |

| | | | |
|---|---|---|---|
| | | ढिलाई र अन्यौलता । | पुनर्स्थापनासम्बन्धी कार्ययोजना बारे समुदाय तहमा छलफल गरी विकल्पसहितको योजना बनाउने र कार्यान्वयनको लागि जिल्ला तहमा दबाब दिने । |

**समूह : ३ मध्ये स्रोत केन्द्र**

| **सवालहरू** | **अवसरहरू** | **चुनौतीहरू** | **मुख्य कार्यहरू** |
|---|---|---|---|
| सुरक्षित आवास र भू-उपयोग नीतिको कार्यान्वयन | • भुकम्प प्रभावित १४ जिल्ला भित्र सबै जिल्ला पर्दछन् । राज्यले क्षतिपूर्ति र सहुलियत ऋण सुविधा दिँदैछ ।<br>• सरकारले ल्याएको भू-उपयोग नीति कार्यान्वयन गर्न सक्ने | • बेदर्तावाला मोही, गुठी, बिर्ता, अव्यवस्थित बसोबासीहरूसँग जग्गाको प्रमाण नहुँदा राज्यले दिने सुविधाबाट वञ्चित हुने अवस्था ।<br>• जन प्रतिनिधि | |
| भूमिमा महिला अधिकार | • संगोलनामाको नीति छ । पुनर्निर्माणसँगै जोडेर लान सकिन्छ | • मौसम (सबै समयअनुकल छै) | |
| बिर्ता | • भूमि सुधार मन्त्रालय/विभाग मन्त्रालय आफैं यो सवाल समाधानमा लागि रहेको छ । नियमवली ड्राफ्ट तयार हुँदैछ । | • मन्त्रीपरिषद्बाट पास नुहेन र पास भएपनि किसानका समस्या नछिमोलिन सक्छ । | |
| गुठी | • गुठी सवालमा समस्याको गहिराईमा पुगेर मन्त्रालयले अध्ययन गरेर प्रतिवेदन तयार गरेको छ ।<br>• सदन चलेको छ । त्यहाँ निर्वाचि जनप्रतिनिधिहरू छन् । यस विषयमा सवाल उठाउँछन् । | • सर्वोच्चको आदेश | |

## अन्तिम शेसन

**जगत देउजा-** कार्यकारी निर्देशक

**अवस्था, कार्यप्रणाली र प्राथमिकताहरू**

**अवस्था**

- ५ वर्षे रणनीति : १ वर्ष सकियो
- नयाँ बोर्ड, नयाँ नीतिहरू
- प्रकोप र जीविका सम्बन्धित कार्यक्रमहरू थपिएको
- संरचनागत हेरफेर (कार्यालय, जिम्मेवारी, टिम)
- कर्मचारी अभाव (सङ्ख्यात्मक, परिचालन)
- कार्यक्रम छरिएको महसुशीकरण
- रणनीतिक योजना कार्यान्वयनका लागि न्युनतम स्रोतको जोहो

**कार्यप्रणाली**

- अधिकारमुखी विकास प्रणाली
- नतीजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली
- मञ्च र आत्मनिर्भर केन्द्रको जिम्मेवारीमा स्पष्टता
- कार्यक्रमको गुणात्मक पक्षमा जोड (सङ्ख्यात्मक), अनुगमन र मूल्याङ्कन प्रणालीको भरपर्दो कार्यान्वयन (प्रणाली र टिम)
- परियोजना, आन्दोलन र नीतिगत सहजीकरण टिम अलग
- सवालगत आन्दोलनमा जोड

**प्राथमिकताहरू (साउन-असोज)**

- भूमि अधिकार आन्दोलनको प्रभाव अध्ययन
- विगत कामको आलोचनात्पक समीक्षा, अनौपचारिक छलफल, ज्ञानको अभिलेखन (निरन्तर प्रक्रिया पनि)
- नयाँ साझेदारी र कार्यप्रणालीको समीक्षा र निखार

**तत्कालिन नीतिगत सवालहरू**

- संविधान र भूमि
- संयुक्त पुर्जा बनाउन थप सहुलियत दिने विषय बजेट वक्तव्यमा
- चुरे ऐन । सहभागिता । हस्तक्षेप ।

- भुकम्प (सुकुमबासी, कुत मिनाहा, ऋण, कृषियोग्य जग्गा बचाउने कार्य र सुरक्षित घर)
- भूमिसम्बन्धी ऐन, २०२१ को छैंठौ संशोधन, कृषि समितिले व्यवस्थापिका ससद्मा पठायो
- गुठी ऐन, गुठी उपसमितिमा पुग्यो
- बिर्ता नियमावली
- भू-उपयोग नीति, संशोधनसहित
- भू-उपयोग ऐन
- सुकुमबासी आयोग र सर्वोच्च

**सहयोग सम्बन्धमा,**

- तीन महिना सवालगत वा नीतिगत (परिणाममुखी) काम गर्न सहयोग, व्यवस्थापन खर्च त्यहींबाट व्यहोर्ने । मासिकरूपमा अन्य कुनै दायित्व (मासिक तलव, घरभाडा) नव्यहोर्ने ।
- सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको कर्मचारीको हकमा यसै हप्ताबाट कार्यसम्पादन मूल्याङ्कन हुने । त्यसका आधारमा जिम्मेवारी थपघट । निरन्तरता । वा अन्त्य ।
- जिल्लाहरूको समग्र परिवेश अध्ययन, योजना, सम्बन्धित जिल्लाको सक्रियता, सुशासन हेरेर निश्चित जिल्लामा कात्तिकबाट सवालगत साझेदारी हुने ।

## भूमि अधिकार आन्दोलन

साउन-असोज, २०७२

'कार्ययोजना'

| क्रियाकलाप | स्थान | मिति | टार्जेट | जिम्मेवारीहरू |
|---|---|---|---|---|
| प्रभाव अध्ययन<br>जग्गा पाएपछिको उपलब्धी<br>असल अभ्यास<br>रणनीतिक प्रणाली | जमिनको अधिकार पाएका जिल्लाहरू | साउन र भदौ | १ पटक | अध्ययन टोली |
| सङ्गठन र संस्थाहरूको आन्दोलनमा भूमिका, आलोचनात्मक सत्र, जिम्मेवारीमा विशिष्टीकरण (भूमि अधिकार आन्दोलनको आलोचनात्मक समीक्षा) | राष्ट्रिय भूमिघर ठिमुरा | २०७२ भदौ अन्त्यमा | ३ दिन एक पटक ३० जना | ल्यामबहादुर दर्जी |
| सङ्गठन र आन्दोलनको जिल्लागत मूल्याङ्कन आन्तरिक | आआफ्नो जिल्ला | भदौको दोस्रो हप्ता | सबै जिल्ला (आन्दोलन भएको) | जिल्ला अध्यक्ष र महासचिव |

| | | | | |
|---|---|---|---|---|
| | | भित्र | | |
| सञ्चालित अभियान, परियोजना स्रोत केन्द्रको मासिक अपडेट त्रैमासिक समीक्षा | | | | |
| नीतिगत कामहरू | | | | |
| नीति कार्यक्रम र बजेटमा संयुक्त पुर्जासम्बन्धी थप सरलीकृत व्यवस्था | | | | कल्पना कार्की |
| संविधानमा भूमि | | | | सोमप्रसाद भण्डारी<br>नरिराम लोहार |
| गुठी, ऐन- गुठी समिति | | | | शुभराज चौधरी<br>हरिप्रसाद तिमिल्सेना |
| भूमिसम्बन्धी ऐनको छैठौं सशोधन | | | | लालमणि भण्डारी<br>शैलेन्द्र राई |
| सुकुमबासी आयोग | | | | भागिराम चौधरी र भोला पासवान |
| प्रकोप र भूमि<br>सवाल, अडान र सङ्घर्ष | | | | कुमार थापा<br>सरस्वती कटवाल, पूर्ण सुनार |
| चुरेको आन्दोलन | | | | राजकुमार बस्नेत<br>विश्वास नेपाली<br>भवानी घिमिरे |

## केही चुनौती

- सुकुमबासी समस्या समाधान आयोगले काम गर्न नसक्दा भूमि अधिकार मञ्चप्रति पनि नकारात्मक धारणा बनेको छ । यसो हुनुमा केहीले मञ्च र आयोगलाई एउटै बुझेर पनि हो ।
- सङ्गठनका पदाधिकारी र कार्यकर्तामा समाज परिवर्तनको सपना र सङ्गठन परिचालनको योजना तथा तयारी नहुनाले पनि अभियानमा शिथिलता आएको छ ।
- गरिबमारा वननीति । जस्तोः बाँके र बदियाका ७ गाविस र एक नगरपालिकामा बसोबास गर्ने २ हजार ३ सय ६६ परिवारको बस्ति उठिवासका लागि सूचना टाँस गर्ने, वनपैदावार प्रयोग गर्न रोक लगाउने ।
- भू–उपयोग नीतिको कार्यमा बाँधा आउनु तथा यो कार्यान्वयमा नआउनु ।

## केही सिकाइ

- सङ्गठनलाई आत्मनिर्भर बनाउन गाउँ सङ्गठनमा उद्यमी युवा तयार गर्नुपर्छ । यसका लागि कृषि क्षेत्रमा काम गर्न इच्छुक युवालाई प्रोत्साहन गर्ने र आन्दोलनमा निश्चित योगदान दिने शर्तमा केही सहयोग उपलब्ध गराउने नीति लिइनुपर्छ ।

- स्थानीय सरोकारवालासँगको सहकार्य बढाउन र आफ्ना राम्रो कामलाई बहसमा ल्याउन त्रैमासिकरूपमा अन्तरक्रिया, पत्रकार सम्मेलन गर्ने कुरालाई वार्षिक योजनामा राख्नुपर्छ । तथ्यमा आधारित समस्या र अभ्यासमा आधारित अभियानबारे छलफल गरी बाह्य स्रोत लिन सक्ने वातावरण बनाउनुपर्छ ।

- श्रीमान्-श्रीमती र सरोकारवाला तीन पक्षलाइनै संयुक्त पुर्जा निर्माण अभियानको विषयमा सँगै राखेर छलफल चलाउने र सयुक्त पुर्जा बनाएका जोडीलाई यस्तो कार्यमा परिचालन गर्दा अभियान सहज हुँदोरहेछ ।

- मालपोत कार्यालयसँग औपचारिक छलफल र अन्तर-सम्वाद गर्दा सयुक्त लालपुर्जा बनाउने कार्यलाई सरल र प्रभावकारी बनाउन सकिने रहेछ । गाविस र नगरपालिकाको सिफारिस नचाहिने भएपछि सयुंक्त पुर्जा बनाउने जोडी बढ्न थालेका छन् । भेटघाट र अन्तर-सम्वादपछि दाङ र सल्यानमा मालपोत कार्यालय र कानुन व्यवसायिले पनि सहयोग गरिरहेका छन् ।

- सहभागीमुलक अनुगमन सङ्गठनभित्र गर्दा सदस्यहरूमा आएको नैराश्यता हटेको छ । उनीहरू सक्रिय हुन थालेका छन् । महशुसीकरण गर्दा रहेछन् ।

- संयुक्त पुर्जा बनाउने जोडीलाई अभिनन्दन गर्दा सहभागी भएका नबनाउनेहरूमा पनि महशुस भई स्वस्फूर्त रुपले आआफै पनि बनाउने रहेछन् ।

- समुदायमा बस्ने र अनौपचारीक छलफल गर्ने कार्यले समुदायको समस्या बुझ्न र मञ्चको कमजोरी र बलियो पक्ष बुझ्न सजिलो हुनुको साथै सङ्गठनलाई बलियो बनाउन मद्दत पुग्ने रहेछ ।

- भुकम्प जस्तो विपत्ति जतिबेला पनि आउन सक्छ । यसैले विपत्ति कोष स्थापना गर्नुपर्ने साथै कर्मचारीहरूलाई विपत्तिको सामानासम्बन्धी अभिमुखीकरण भएमा समयमै उद्धार र राहतमा जुट्न सकिन्छ ।

**समापन- ल्यामबहादुर दर्जी, अध्यक्ष- राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल**

दुई दिनको समीक्षाबाट धेरै सिकाइहरू पनि लियौं । सिकाइ र उपलब्धी माभिmएर आएन । सिप छ तर ध्यान नदिएको जस्तो देखियो । आन्दोलनमा आन्तरिक चुनौती पनि छन् जसको समीक्षा हुन सकेन । आगामी दिनमा यो विषयमा सबैको ध्यान जानेछ भन्ने विश्वास लिएका छौं ।

हाम्रा पछाडी लाखौं सदस्यहरू छन् । जसको अपेक्षा ठूलो छ । हामी सेलाएऔं भने दुःख जति हाम्रो फल पाउने खाने अरु हुन सक्छन् । यसमा विचार गरौं । अवको तीन महिना प्रभाव अध्ययनमा लागौं । हामीले कति काम गऱ्यौ के गर्न सकेनौं । सकेनौं भने के कारणले सकेनौं । यो विषयमा मसिनोसँग समीक्षा गरौं । यसमा सबैले उत्तिकै जिम्मेवारी निभाउनु हुन्छ भन्ने अपेक्षा गरेका छौं । यो अभियानलाई अझ अघि बढाउनुपर्ने छ । बीचमै रोक्यौ भने लक्ष्यमा पग्न सक्दैनौं । यसैले सबै सक्रियतापूर्वक अघि बढ्नु आवश्यक छ । धन्यवाद् । जय भूमि ।

***

## अनुसूचीहरू

### १. समीक्षाको खर्च विवरण

| क्र.सं. | विवरण | खर्च | कै. |
|---|---|---|---|
| १. | स्टेशनरी खरिद | ६,१४२/- | |
| २. | खाना बास भूमिघर चितवनमा (प्याकेजमा) | ७२,३२०/- | |
| ३. | खाना खर्च-सहभागी | ५२,०९३/- | |
| ४. | बाटोमा यातायात-सहभागी | २६,२००/- | |
| ५. | (आते-जाते) काठमाडौं-चितवन-काठमाडौं (कार्यालयको गाडिमा तेल खर्च | ३,४६०/- | |
| ६. | काठमाडौ टिमको बाटोमा खाजा खर्च चितवन जाँदा-आउँदा | २,२२५/- | |
| ७. | औषधी | १४०/- | |
| जम्मा | | १,६२,५८०/- | |

### २. जनवोली

१. म त साह्रै भाग्यमानी १७ जनाको परिवार ओत लाग्ने ठाउँ छैन । तर घर अगाडी दुई वटा आँपको रुख छन् । चराहरूलाई सुरक्षित बास छ । ढुक्क छु । आन्दोलनमा लागेको छु । एक दिन अवश्य अधिकार पाउनेमा ढुक्क छु ।- मानसिं वाइवा, बारा

२. परिवारका सदस्य गुमायौं । घर र खेतीपाती गुम्यो । सङ्गठनका सदस्यहरू गुमाएर एक्लै भई भन्ने थियो धन्न साथीहरू भेट भयो । खुसी लाग्यो । - सोमप्रसाद भण्डारी, सिन्धुपाल्चोक

### ३. सहभागी

| क्र. सं. | नाम | स्रोत/केन्द्र/मञ्च | जिल्ला |
|---|---|---|---|
| १. | युवाकुमारी राई | राष्ट्रिय मञ्च | खोटाङ |
| २. | भगवती घले | मध्य स्रोत केन्द्र | स्याङ्जा |
| ३. | हरिप्रसाद तिमिल्सेना | मध्य स्रोत केन्द्र | सिन्धुपाल्चोक |
| ४. | दिपकराज भट्ट | मध्य स्रोत केन्द्र | नुवाकोट |
| ५. | रमेश तामाङ | मध्य स्रोत केन्द्र | ललितपुर |
| ६. | निर्मला माझि | मध्य स्रोत केन्द्र | रामेछाप |
| ७. | जानुका थापामगर | मध्य स्रोत केन्द्र | रसुवा |
| ८. | सुमित्रा तामाङ | मध्य स्रोत केन्द्र | सिन्धुपाल्चोक |

| | | | |
|---|---|---|---|
| ९. | सरस्वती कटवाल | मध्य स्रोत केन्द्र | ओखलढुङ्गा |
| १०. | पवित्रा सुनार | ठिमुरा स्रोत केन्द्र- १ | महोत्तरी |
| ११. | उमाकला कुमाल | ठिमुरा स्रोत केन्द्र- १ | पाल्पा |
| १२. | फूलमाया विश्वकर्मा | पूर्व स्रोत केन्द्र- ३ | सर्लाही |
| १३. | भवानी घिमिरे | पूर्व स्रोत केन्द्र- ३ | सर्लाही |
| १४. | राजकुमार बस्नेत | पूर्व स्रोत केन्द्र- ३ | महोत्तरी |
| १५. | हरूण सदा | ठिमुरा स्रोत केन्द्र- १ | सिरहा |
| १६. | शान्ता परिवार | पश्चिम स्रोत केन्द्र- ३ | दाङ |
| १७. | हिरा डाँगी | पश्चिम स्रोत केन्द्र- ३ | सल्यान |
| १८. | सुजता थापा मगर | पूर्व स्रोत केन्द्र- २ | सिरहा |
| १९. | फूर्तिमान राई | पूर्व स्रोत केन्द्र- २ | उदयपुर |
| २०. | भोला पासवान | पूर्व स्रोत केन्द्र- २ | सप्तरी |
| २१. | प्रदिप दर्जी | पूर्व स्रोत केन्द्र- १ | झापा |
| २२. | नम्रता देउजा | पूर्व स्रोत केन्द्र- १ | धनकुटा |
| २३. | बसुन्धरा गौतम | पश्चिम स्रोत केन्द्र- १ | कैलाली |
| २४. | जवालसिं तिरुवा | पश्चिम स्रोत केन्द्र- १ | कैलाली |
| २५. | भोला बस्नेत | मध्य स्रोत केन्द्र- १ | ओखलढुङ्गा |
| २६. | कल्पना कार्की | मध्य स्रोत केन्द्र | सिन्धुपाल्चोक |
| २७. | नरिराम लोहार | पश्चिम स्रोत केन्द्र- १ | बैतडी |
| २८. | अपराजिता गौतम | आत्मनिर्भर केन्द्र | काठमाडौं |
| २९. | श्याम विश्वकर्मा | आत्मनिर्भर केन्द्र | संखुवासभा |
| ३०. | शान्तिराम भण्डारी | आत्मनिर्भर केन्द्र | धनकुटा |
| ३१. | विश्वास नेपाली | आत्मनिर्भर केन्द्र | रसुवा |
| ३२. | रोशन कार्की | आत्मनिर्भर केन्द्र | ललितपुर |
| ३३. | लालमणि भण्डारी | पश्चिम स्रोत केन्द्र- २ | बाँके |
| ३४. | विष्णु खड्का | पश्चिम स्रोत केन्द्र- २ | बर्दिया |
| ३५. | कृष्णकुमारी खत्री | पश्चिम स्रोत केन्द्र- २ | सुर्खेत |
| ३६. | जगत बस्नेत | आत्मनिर्भर केन्द्र | सिन्धुपाल्चोक |
| ३७. | ल्यामबहादुर दर्जी | आत्मनिर्भर केन्द्र | पर्वत |
| ३८. | कुमार थापा | आत्मनिर्भर केन्द्र | सिन्धुपाल्चोक |
| ३९. | शैलेन्द्र राई | पूर्व स्रोत केन्द्र- १ | सुनसरी |
| ४०. | भागिराम चौधरी | आत्मनिर्भर केन्द्र | दाङ |
| ४१. | शुभराज चौधरी | आत्मनिर्भर केन्द्र | दाङ |
| ४२. | जगत देउजा | आत्मनिर्भर केन्द्र | सिन्धुपाल्चोक |

## ४. कार्यक्रम तालिका

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
**भूमि तथा कृषि अधिकार आन्दोलन**
वार्षिक सहभागीमूलक समीक्षा तथा मनन् प्रक्रिया, १९-२० असार, २०७२ (४-५ जुलाई, २०१५)
**कार्यक्रम विवरण (मस्यौदा)**
**ठिमुरा, चितवन**

**पहिलो दिन : १९ असार, २०७२**

| समय | कार्यक्रम | सहजीकरण |
|---|---|---|
| ५:३० | कालो चिया | |
| ७:०० | ग्यालरी र प्रस्तुती फाईनल गर्ने, टाँस्ने | उपक्षेत्रगतरूपमा |
| (क) सुरुवाती सत्र | | |
| ७:१५ | परिचय, समीक्षाको उद्देश्य, समीक्षाको बजेट र व्यवस्थापन सम्बन्धमा | अपराजिता |
| ७:३० | ग्यालरी भ्रमण | सामूहिक |
| ८:०० | खाजा | सामूहिक |
| (ख) उद्देश्य र उपलब्धीको समीक्षा<br>प्रत्येकलाई २५ मिनेट प्रस्तुती र २० मिनेट छलफल | | |
| ८:४५ | पश्चिम स्रोत केन्द्र, उपस्रोत केन्द्र- १, कैलाली, कञ्चनपुर, डडेलधुरा र बैतडी | भागीराम |
| ९:३० | पश्चिम स्रोत केन्द्र, उपस्रोत केन्द्र- २, बाँके, बर्दिया र सुर्खेत | भागीराम |
| १०:१५ | पश्चिम स्रोत केन्द्र, उपस्रोत केन्द्र- ३, दाङ, सल्यान र प्यूठान | भागीराम |
| ११:०० | समग्र पश्चिम क्षेत्रको प्रस्तुती (उपक्षेत्रमा नसमेटिएका+) | भागीराम |
| ११:४५ | खाना | |
| १:०० | पूर्व स्रोत केन्द्र, उपस्रोत केन्द्र- १, झापा, मोरङ, सुनसरी र धनकुटा | शैलेन्द्र राई |
| १:४५ | पूर्व स्रोत केन्द्र, उपस्रोत केन्द्र- २, सिरहा, सप्तरी र उदयपूर | भोला पासवान |
| २:३० | पूर्व स्रोत केन्द्र, उपस्रोत केन्द्र- ३, बारा, सर्लाही, महोत्तरी र धनुषा | कुमार थापा |
| ३:१५ | चिसो | |

| | | |
|---|---|---|
| ३:३० | मध्य स्रोत केन्द्र, उपस्रोत केन्द्र १, ओखलढुङ्गा, खोटाङ र रामेछाप | भोला बस्नेत |
| ४:१५ | मध्य स्रोत केन्द्र-उपस्रोत केन्द्र- २, सिन्धुपाल्चोक, ललितपुर, नुवाकोट, रसुवा | भगवती घले |
| ५:०० | राष्ट्रिय मञ्च, ठिमूरा स्रोत केन्द्र- १, नवलपरासी, रूपन्देही, पाल्पा, पर्वत र बाग्लुङ | अरुण सदा |
| ५:४५ | राष्ट्रिय भूमि अधिकार मञ्चको प्रस्तुती | राष्ट्रिय मञ्च |
| ६:३० | आत्मनिर्भर केन्द्र, राष्ट्रिय टिमको प्रस्तुती | विश्वास नेपाली |
| ७:०० | समापन | |

**दोस्रो दिन : २० असार २०७२**

| समय | कार्यक्रम | सहजीकरण |
|---|---|---|
| ६:०० | खाजा | |
| ६:४५ | अघिल्लो दिनको समीक्षा | |
| ७:३० | अगुवा र अभियानकर्ता प्रस्तुती<br>(सबैले स्रोत नक्सा, गाउँ भूमि किताव, घटना अध्ययन र गाउँको फोटोलगायतका सामग्री ल्याउनुपर्ने | कल्पना |
| (ग) परियोजना सत्र | | |
| ९:३० | खाद्य सुशासन परियोजना | शान्तीराम |
| १०:०० | सामुदायिक भूमिसुधार | श्यामकुमार |
| १०:३० | प्रगतीमापक सूचक र अनुगमन तथा मूल्याङ्कन प्रणाली सम्बन्धमा | अपराजिता |
| ११:३० | खाना | |
| १२:३० | भूमि अधिकार आन्दोलनका जल्दावल्दा सवाल, चुनौती र अवशरहरू (समूह कार्यहरू) | जगत बस्नेत |
| २:०० | सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको अवस्था, अवको कार्यप्रणाली र प्राथामिकताहरू | जगत देउजा |
| ३:१५ | कार्ययोजना | |
| ४:३० | कार्यकारी समितिको तर्फबाट मन्तव्य सहीत समापन | कार्यसमिति |
| ५:०० | समापन | |

१. समीक्षाका लागि आउने सबै सहभागी असार १८ गते बेलुकी नै भूमि अध्ययन घर, ठिमुरामा आइसक्नुपर्नेछ ।

२. यस अवधिको योजनालाई ध्यानमा राखी प्रस्तुतीका लागि पूर्ण तयारीका साथ आउनुहोला । कभरेज, प्रभावको केस, फोटाहरू, भिज्यूअल सबै लिएर आउनुहोला ।

३. गर्मीको समयलाई विचार गरी समीक्षा विहान चाँढैदेखि योजना गरिएको छ । सबै प्रस्तुती भूमि अधिकार मञ्चका साथीहरूले गर्नुपर्नेछ ।

## ६. केही फोटोहरु














भूमि तथा कृषि अधिकार आन्दोलन
उप स्रोत केन्द्र-१











